मङ्सिर – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २३, अङ्क १६ | २०७१, मङ्सिर १६–२९ | पूर्णाङ्क ५३८



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

मानयीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष
माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य
नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय- सदस्य
अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य
वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य
निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल - सदस्य
सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य सचिव

**सम्पादक** : श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद्** : श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष | २ |
| संयुक्त | ५ |
| इजलास नं. १ | १३ |
| इजलास नं. २ | ६ |
| इजलास नं. ३ | ५ |
| इजलास नं. ४ | ४ |
| इजलास नं. ५ | १ |
| इजलास नं. ६ | ३ |
| इजलास नं. ७ | १ |
| इजलास नं. ८ | २ |
| एकल इजलास | ६ |
| रीत/बेरीत आदेश | ४ |
| जम्मा | ५२ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७...  ...  ....   १ वा २, पृष्ठ ....

(साल)   (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७१, मङ्सिर – २, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधान न्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०—०१—३३३—५५**

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-३** |
| १. | उत्प्रेषण परमादेश | कमला न्यौपानेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २. | उत्प्रेषण परमादेश | विष्णुप्रसाद उपाध्यायसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **संयुक्त इजलास** | | | **३-८** |
| ३. | उत्प्रेषण परमादेश | उत्तम श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ४. | परमादेश | डा.जैनुद्दिन अन्सारी वि. त्रिभुवन विश्वविद्यालय, काठमाडौंसमेत | |
| ५. | उत्प्रेषण परमादेश | विश्वनाथ गोयल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **इजलास नं. १** | | | **८-१६** |
| ६. | लेनदेन | गोपीप्रसाद लोध वि. राममिलन यादव | |
| ७. | अदालतको अवहेलना | शिवचन्द्र पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ८. | निषेधाज्ञा परमादेश | सानुमाया श्रेष्ठसमेत वि. दावा शेर्पिनीसमेत | |
| ९. | उत्प्रेषण | देउमान सम्बाहाम्फे वि. निर्वाचन आयोग, बहादुरभवनसमेत | |
| १०. | परमादेश प्रतिषेध | भूमिराज निरौला वि. निर्वाचन आयोग, बहादुरभवनसमेत | |
| ११. | उत्प्रेषण परमादेश | रीताकुमारी यादवसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग | |
| १२. | लागु औषध हेरोइन | नेपाल सरकार वि. Rome Nnadozie समेत | |
| १३. | निक्षेपको रकम दिलाइपाउँ | सानुशोभा श्रेष्ठ वि. अमेश महर्जन | |
| १४. | निषेधाज्ञा | शिवप्रसाद शर्मा वि. सञ्जयकुमार कनौडिया | |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हर्क रावलसमेत | |
| १६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. धनप्रसाद साँवा लिम्बु | |
| १७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. निमा भन्ने जिते शेर्पा | |
| १८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. युवराज लुम्रेमगर | |

| | | | |
|---|---|---|---|
| **इजलास नं. २** | | | **१६-१८** |
| १९. | उत्प्रेषण परमादेश | अनामिका श्रेष्ठसमेत वि. बालकृष्ण श्रेष्ठसमेत | |
| २०. | उत्प्रेषण परमादेश | कमला चौधरीसमेत वि. सुकुम्बासी समस्या समाधान समिति, धनगढीसमेत | |
| २१. | उत्प्रेषण परमादेश | दलबहादुर थारूसमेत वि. सुकुम्बासी समस्या समाधान समिति, धनगढीसमेत | |
| २२. | भ्रष्टाचार | नेपाल सरकार वि. मायाराम कुर्मी | |
| २३. | बकसपत्र बदर | शिवा तेलीसमेत वि. राजकुमार साहको हकमा रीतादेवी | |
| **इजलास नं. ३** | | | **१९-२१** |
| २४. | उत्प्रेषण | हिसाबुदिन अन्सारी वि. मालपोत कार्यालय, बारासमेत | |
| २५. | बकसपत्र बदर | शोभा खड्का वि. श्रीकृष्ण खड्का | |
| २६. | उत्प्रेषण परमादेश | भुवनराज्यलक्ष्मी सिंह वि. प्र.जि.अ., जि.प्र.का. कैलालीसमेत | |
| २७. | कुटपीट लुटपीट | जसरानी लिम्बु खोयाङ वि. डम्बरबहादुर सोम्बाहाम्फेसमेत | |
| **इजलास नं. ४** | | | **२१-२६** |
| २८. | जग्गा खिचोला | बीरबहादुर खत्री वि. प्रमोदराज खत्री वि. प्रमोदराज पन्तसमेत | |
| २९. | कर्तव्य ज्यान | शिवबहादुर सार्की वि. नेपाल सरकार | |
| ३०. | घरभाडा दिलाई घरखाली गराइपाउँ | मु.स. गर्ने प्रमेश श्रेष्ठ वि. अशोक श्रेष्ठसमेत | |
| ३१. | दर्ता बदर सार्वजनिक कायम | रामवृक्ष साह तेली वि. रामदेव राउत कुर्मी | |
| **इजलास नं. ५** | | | **२६** |
| ३२. | जबर्जस्ती करणी | देवनारायण ढुङ्गाना वि. नेपाल सरकार | |
| **इजलास नं. ६** | | | **२६-२८** |
| ३३. | उत्प्रेषण | विनय माझी वि. गृह मन्त्रालयसमेत | |
| ३४. | उत्प्रेषण | रामप्रसाद चौधरी वि. नेपाल बैङ्क लिमिटेड, के.का. धर्मपथसमेत | |
| ३५. | उत्प्रेषण | प्रभात श्रेष्ठ वि. गृह मन्त्रालयसमेत | |
| **इजलास नं. ७** | | | **२८-२९** |
| ३६. | कर्तव्य ज्यान | सीता भन्ने लालहीरा कामी वि. नेपाल सरकार | |
| **इजलास नं. ८** | | | **२९-३०** |
| ३७. | उपयुक्त आदेश पाउँ | तेजकरण जैन वि. प्र.जि.अ., जि.प्र.का. काठमाडौंसमेत | |
| ३८. | नामसारी | रामकृष्ण चक्रधरसमेत वि. बद्रीमान चक्रधर | |
| **एकल इजलास** | | | **३०-३५** |
| ३९. | अदलतको अवहेलना | यज्ञदेव भट्ट वि. प्रवीण मिश्रसमेत | |

| | | |
|---|---|---|
| ४०. | उत्प्रेषण | रामप्रसाद अधिकारी वि. जिल्ला सरकारी वकिलको कार्यालय, भरतपुरसमेत |
| ४१. | उत्प्रेषण | रविन्द्र अवाले वि. गृह मन्त्रालयसमेत |
| ४२. | उत्प्रेषण | राजु महर्जन वि. नानीमयजु महर्जनसमेत |
| ४३. | उत्प्रेषण | लोकमान गोल्छा वि. राजकुमार अग्रवालसमेत |
| ४४. | उत्प्रेषण परमादेश | रवि सिंह वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमेत |

| **रीत/बेरीत आदेश** | | | **३५-३६** |
|---|---|---|---|
| ४५. | कल बाइपास | विष्णुबहादुर खड्का वि. नेपाल सरकार | |
| ४६. | मानाचामल | गौतम मानन्धर वि. मन्दिरा मानन्धर | |
| ४७. | जग्गा खिचोला | जनक अधिकारी वि. बच्चुकृष्ण थापा | |
| ४८. | कर्तव्य ज्यान | रत्न थापामगर वि. नेपाल सरकार | |

**सर्वोच्च अदालतका नियमित प्रकाशनहरू**

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजिर संग्रह, २०६३
- विषयगत नजिर संग्रह, २०६६
- विषयगत नजिर सारसङ्क्षेप सङ्कलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

    भाग १ : संवैधानिक कानून
    भाग २ : सार्वजनिक सरोकार
    भाग ३ : मानव अधिकार तथा लैङ्गिक न्याय
    भाग ४ : देवानी कानूनः सम्पत्ति
    भाग ५ : देवानी कानूनः पारिवारिक
    भाग ६ : फौजदारी कानूनः सरकारवादी
    भाग ७ : फौजदारी कानूनः दुनियावादी
    भाग ८ : कार्यविधि कानूनः देवानी
    भाग ९ : कार्यविधि कानूनः फौजदारी
    भाग १० : उद्योग, वाणिज्य र कर
    भाग ११ : राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको तेस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)

    - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
    - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
    - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
    - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
    - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)

- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फुलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)

## विशेष इजलास

**१**

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की, ०६८-WS-००६८,** उत्प्रेषण/परमादेश, *कमला न्यौपानेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

निवेदिकाहरूको करिब ४ वर्षमात्र सेवा अवधि भएको समयमा २०६४ सालमा लागू भएको ऐनको व्यवस्था अहिले लोकसेवा आयोगबाट २०६६ सालमा विज्ञापन प्रकाशन भएपछि बदरको माग गर्नु न्यायोचित होइन । सुरूमा सोही दफाको आधारमा परमादेशको माग गर्ने र पछि सो दफा नै संविधान असङ्गत भन्दै बदरको माग गरेको कार्यबाट निवेदिकाहरूले स्पष्टसँग दोहोरो लाभ प्राप्त गरी गैरकानूनीरूपमा लाभान्वित हुन खोजेको देखियो । यस्तो अवस्थामा एकातिर दोहोरो लाभ कानूनबमोजिम ग्राह्य हुन सक्तैन भने अर्कोतिर आफूले भनेबमोजिम भए सो दफा वैध हुने र आफूले भनेबमोजिम नभए वा आफ्नो व्यक्तिगत इच्छा पूरा नभएमा सो दफा नै बदरको माग गर्नुलाई न्यायिक पुनरावलोकनको सिद्धान्तको आधारमा उचित माग भन्न कदापि नसकिने ।

मौलिक अधिकारको सन्दर्भमा समानताको सिद्धान्त राज्यका कामकारवाही (State action) सँग जोडिएको हुन्छ । सरकारका कुनै पनि निकायका कार्यबाट समान व्यक्तिहरू बीच भेदभाव भएको अवस्थामा सो अधिकारमा आघात पुग्दछ । कानूनको दृष्टिमा सबै समानहरूबीच समान व्यवहार गरिनु पर्दछ । सामान्य कानूनको प्रयोगमा वा अन्य व्यवहारमा राज्यले आफ्ना नागरिकहरूबीच भेदभाव गर्नु पनि हुँदैन । यस प्रकारले समानतामा राज्यको सकारात्मक दायित्व रहने ।

विपक्षी लोक सेवा आयोगले कानूनको असमान प्रयोग गरी कामकारवाही गरेको भए कसका हकमा त्यस्तो असमान कामकारवाही गरी कसलाई लाभान्वित गरेको हो, सो स्पष्ट खुलाई दावी गर्न सकेको देखिँदैन । निवेदन लेखमा ४४३ जनामध्ये १० लाई विभेद गरिएको भन्ने व्यहोरा उल्लेख छ । तर, ती ४४३ जनामध्येका कोही कसैलाई विपक्षी बनाई स्पष्ट माग दावी गर्न सकेको पनि पाइँदैन । त्यसमा पनि उक्त दफाबमोजिम एकपटक विज्ञापन प्रकाशन गर्न सकेको पनि पाइँदैन । त्यसमा पनि उक्त दफाबमोजिम एकपटक विज्ञापन प्रकाश भई सो विज्ञापन कहीँ कतैबाट बदर नभएको अवस्थामा अब सोही दफाको आधारमा पुन: क्रियाशील हुनसक्ने नदेखिने ।

महिलामात्र प्रतिस्पर्धी हुने गरी भएको विज्ञापनमा तोकिएको शर्त पूरा नगरेको आधारमा दरखास्त फाराम अस्वीकार गर्दैमा सो धारा २० को विपरीत हुने गरी भेदभाव गरेको मान्न मिल्ने हुँदैन । साथै धारा १८ अन्तर्गतको रोजगारीको हकको विपरीत पनि हुँदैन । सामाजिक न्यायको सिद्धान्तमा आधारित समानुपातिक समावेशी सिद्धान्तको आधारमा हेर्दा पनि निजामती सेवा ऐनको दफा ७ को उपदफा (१४) ले स्पष्टसँग पाँच वर्ष सेवा अवधि पूरा गरेका स्थायी पदका समान अस्थायी कर्मचारीलाई मात्र परीक्षामा सहभागी गराउन मिल्ने गरी व्यवस्था गरेको अवस्थामा

त्यसै गरी विज्ञापन प्रकाशन भई कामकारवाही भएको देखिँदा सो दफा संविधानको धारा १२(३)(च), १३, १८ र २० समेतसँग नबाझिएकोले बदरयोग्य देखिन नआउने।

निजामती सेवा ऐन, २०४९ मा भएको दोस्रो संशोधनबाट थप भएको दफा ७ को उपदफा (१४) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १८ र २० समेतसँग बाझिएको देखिएन। साथै लोक सेवा आयोगले मुख्य महिला कार्यकर्ता र महिला कार्यकर्ता पदमा स्थायी नियुक्तिको लागि भनी मिति २०६६।४।२१ मा प्रकाशन गरेको विज्ञापनको द्रष्टव्य खण्डको (ख) मा राखिएका शर्तहरू र दरखास्त फाराम अस्वीकार गरेको कार्य निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४) बमोजिम भए गरेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७० साल चैत ६ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की, ०६८-WS-००१८,** उत्प्रेषण/परमादेश, *विष्णुप्रसाद उपाध्यायसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकहरू नवौं तहको बढुवाको सूचना प्रकाशन भई दरखास्त फाराम बुझाउन जाँदा सम्बन्धित निकायले दरखास्त फाराम नबुझेको कारण अदालत प्रवेश गरेको देखिँदैन। केवल आठौं तहमा दुई वर्ष दुर्गम क्षेत्रमा काम नगरेको कारणले नवौं तहमा बढुवा हुन नसकिने कुरालाई मात्र मनन गरी बढुवामा प्रतिकूल प्रभाव परेको भन्ने कुरालाई आधार र प्रमाण मानी अदालत प्रवेश गरेको देखिन्छ। निवेदकहरूलाई दुर्गम क्षेत्रमा सरूवा गर्ने वा नगर्ने जस्ता विषय आन्तरिक विषय हुन्। त्यो कानून बदरको आधार र प्रमाण हुन सक्तैन। दफा २६ को प्रतिबन्धात्मक वाक्याँशको खण्ड (३) को कानूनी व्यवस्थास्वरूप सेवाका आठौं तहका कर्मचारीलाई मात्र लागू गरेको भन्ने नदेखिई सो कानूनी व्यवस्था लागू भएपछि निवेदक जस्ता सबै कर्मचारीलाई समानरूपमा लागू हुने हुँदा समान रूपमा सबैलाई एकसाथ लागू हुने गरी संशोधनमार्फत थप भएको उक्त विधायिकी कानूनी व्यवस्थालाई बिना आधार र कारण संविधानप्रदत्त स्वतन्त्रता र समानताको हकसँग बाझिएको भनी अमान्य गर्न मिल्ने अवस्था नदेखिँदा निवेदकसमेत कार्यरत् स्वास्थ्य सेवाका कर्मचारीको बढुवा हुने हकमा कुनै व्यहोराले प्रतिकूल प्रभाव पार्ने देखिएमा दफा २६ को प्रतिबन्धात्मक वाक्याँशको खण्ड (३) लाई नै बदर गरिपाउन माग भएको निवेदक पानबहादुर क्षेत्री विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (*नेकाप* २०६९, असार, नि.नं. ८७७९, पृष्ठ ३७३) भएको उत्प्रेषणसमेतको रिट निवेदनमा यस अदालतको विशेष इजलासबाट उक्त दफाको प्रतिबन्धात्मक वाक्याँशको खण्ड (३) को कानूनी व्यवस्था लागू नहुने गरी उचित कानूनी व्यवस्था गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायतका निकायहरूको नाममा निर्देशनात्मक आदेश भैसकेकोले निवेदकहरूको माग अब सो

आदेशबाट नै पूरा हुने देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल चैत ६ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-WO-०६०९, उत्प्रेषण/परमादेश, *अधिवक्ता उत्तम श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (१) बमोजिम पहिले नै अनुमतिपत्र लिएका सेवाप्रदायकहरूले अनुमतिपत्र र नवीकरण दस्तुरबापत धेरै दस्तुर बुझाई नेपाल राज्यभर आफ्नो सेवा दिएको अवस्था एकातिर भएको देखिन्छ भने अर्कोतिर ग्रामीण क्षेत्रमा सेवा पुर्‍याउने अनुमति पाएका सेवा प्रदायकहरूलाई सोही स्थानमा मात्र सेवाको क्षेत्र सिमित गर्दा सेवाप्रदायकले सेवा सुचारू राख्न नसक्ने अवस्थामा भै त्यस्ता सेवाप्रदायकको क्षेत्र पनि विस्तार गरिनुपर्ने अवस्था रहेको पाइन्छ । यसरी थोरै अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुर बुझाई Limited Mobility को सेवा प्रदान गर्ने सेवाप्रदायकको क्षेत्र विस्तार भैरहेको र धेरै दस्तुर बुझाएका सेवाप्रदायकहरूको पनि सेवाको क्षेत्र एउटै हुन लागेको अवस्थामा सबै खालका सेवाप्रदायकहरूले तिर्नुपर्ने अनुमति पत्र र नवीकरण दस्तुरको विविधतालाई हटाइ एउटै मापदण्ड कायम गरी समान दस्तुर तिर्नुपर्ने व्यवस्थाका लागि मिति २०६९।२।१ मा राजपत्रमा सूचना प्रकाशित भएको देखिन आउँछ । यसरी सेवाप्रदायकहरू बीचको अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुरबीचको असमानता हटाइ तिनीहरूबीच एकरूपता ल्याई एकीकृत दूरसञ्चार सेवा कायम गर्न लागिएको व्यवस्थालाई अन्यथा भन्न मिल्ने अवस्था न देखिने ।

नेपाल सरकारको सूचनाबमोजिम Limited Mobility को सेवा प्रदान गरेका सेवाप्रदायकहरू र दूरसञ्चार ऐन, २०५३ को दफा २३(१) बमोजिम अनुमति प्राप्त गरी नेपाल राज्यभर दूरसञ्चार सेवा प्रदान गर्ने सेवाप्रदायकहरूलाई एकीकृतरूपमा दूरसञ्चार सेवा कार्य सञ्चालन गर्न दिने र अनुमति पत्र एवम् नवीकरण दस्तुरसम्बन्धी असमानताको अन्त्य गरी एउटै मापदण्ड कायम गर्ने गरी नेपाल सरकारले मिति २०६९।२।१ मा सूचना प्रकाशित गरेको देखिँदा उक्त सूचना कानूनविपरीत भन्न मिल्ने देखिन आएन । त्यसका अतिरिक्त Limited Mobility सेवा प्रदान गरिरहेका सेवाप्रदायकहरूमध्येबाट पनि सेवाको गुणस्तर, प्राविधिक पूर्वाधारलयायतका आवश्यक योग्यता पूरा गरेका सेवाप्रदायकहरूलाई मात्र समान रूपमा अनुमतिपत्र र नवीकरण शुल्क कायम गरिएको भन्ने कुरा सोही सूचनामा उल्लेख छ । यसरी विभिन्न शर्तहरूमा आधारित भिन्नभिन्न दूरसञ्चार सेवालाई एकीकृतरूपमा आधारभूत टेलिफोन सेवाको अनुमति प्रदान गर्ने गरी सो सूचना प्रकाशित भएको देखिएकाले आवश्यक योग्यता पूरा गरेका सेवाप्रदायकहरूलाई उक्त

सूचनाबाट कुनै असर परेको मान्न मिल्ने नदेखिने।

दूरसञ्चार सेवाको सञ्चालन गर्नसक्ने कानूनबमोजिमको पूर्वाधार भएको कसैलाई पनि सो सेवा सञ्चालनमा रोक लगाइएको भन्ने पनि निवेदन जिकिर नरहेको अवस्थामा रिट निवेदन तर्कसङ्गत् रहेको देखिन नआउने।

स्पष्टरूपमा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी कानूनबमोजिम अख्तियार प्राप्त निकायबाट भएको कामकारवाहीमा कुनै सारभूत र प्रक्रियागत त्रुटि रहे भएको भन्ने कुरा रिट निवेदकले देखाउन नसकेको र मिसिल संलग्न अन्य कुनै लिखतबाट पनि उक्त कामकारवाही कानूनी त्रुटिपूर्ण रहेको भन्ने देखिन नआएकोले प्रचलित कानूनभन्दा बाहिर गई नेपाल सरकारले मिति २०६९।२।१ मा दूरसञ्चार सेवाको अनुमतिपत्र र नवीकरण दस्तुर निर्धारण गरेको भन्न मिल्ने अवस्था नहुने।

नेपाल सरकारले राजपत्रमा प्रकाशन गरेको उक्त सूचनाले रिट निवेदकको के कुन संविधान वा कानूनप्रदत्त अधिकारमा आघात पुगेको हो भन्ने स्पष्ट उल्लेख नभएको, निवेदकले दूरसञ्चार ऐन, २०५३ को दफा २३(२) को व्यवस्था संविधानसँग बाझिएको भनी बदरको माग दावी लिई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम प्रस्तुत रिट निवेदन दिएको पनि नदेखिएको र नेपाल सरकारले दूरसञ्चार ऐन, २०५३ ले दिएको अधिकार प्रयोग गरी सो ऐनबमोजिमको प्रक्रिया पूरा गरी दूरसञ्चार सेवाको अनुमतिपत्र प्रदान गर्ने सम्बन्धमा मिति २०६९।२।१ मा सूचना प्रकाशन गरेको देखिएबाट उक्त सूचनाले रिट निवेदकको संविधान र कानूनप्रदत्त कुनै हक हितमा आघात पुगेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ईश्वर पराजुली, विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल असोज १ गते रोज ३ शुभम्।

- यसै प्रकृतिको ०६९-WO-७१७ (०६९-FN-०४२०) उत्प्रेषण/परमादेश, *अधिवक्ता नारायणप्रसाद देवकोटा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०९७६, परमादेश, *काठमाडौं जिल्ला, कामनपा वडा नं ३२ अनामनगरस्थित काठमाडौं नेशनल मेडिकल कलेज प्रा.लि.का तर्फबाट अधिकारप्राप्त ऐ.का अध्यक्ष डा.जैनुद्दिन अन्सारी वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौंसमेत*

विपक्षी त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालयद्वारा मिति २०७०।६।१० गते प्रकाशित गरेको सूचनामा उल्लेख गरिएका १५ वटा शर्तहरू निवेदक मेडिकल कलेजले पालना गर्ने प्रतिबद्धता निवेदक मेडिकल कलेजले व्यक्त गरेको देखिन्छ भने कलेजको सम्भाव्यता अध्ययन गर्न गठन गरिएको टोलीको सम्भाव्यता अध्ययन प्रतिवेदनबाट मेडिकल कलेज सञ्चालन गर्न आवश्यक पूर्वाधार रहेको कुरा देखिएको छ भने निवेदकले मनसायपत्रमा तोकेको सम्पूर्ण शर्तहरू पालना र नेपाल मेडिकल काउन्सिलको

सम्पूर्ण मापदण्ड पूर्वाधार एवम् विशेषज्ञ दक्ष जनशक्तिको व्यवस्था गर्दा करोडौं रकम लगानी गरेको समेत देखियो । निवेदकले विपक्षीहरूको विश्वासमा परी सम्पूर्ण पूर्वाधार तयार गरिसकेको अवस्थामा सम्बन्धन सम्बन्धमा विपक्षीहरूबाट निर्णय नहुनुबाट निवेदक थप नोक्सानीमा पर्ने स्थिति रहेको देखिने ।

निवेदक काठमाडौं नेशनल मेडिकल कलेज प्रा.लि. ले मेडिकल कलेज सञ्चालन गर्न दिएको निवेदनअनुरूप शिक्षा मन्त्रालय, सिंहदरबारबाट मिति २०६८।४।११ मा मनसायपत्र जारी भएको, कलेज सञ्चालनको लागि आवश्यक पूर्वाधार तयार गरेको, ३०० शैयाको शिक्षण अस्पताल सञ्चालनमा रहेको, फेकल्टीहरूको व्यवस्था गरिएको, नेपाल मेडिकल काउन्सिलले गठन गरेको तीन सदस्यीय निरीक्षण टोलीले मेडिकल कलेज सञ्चालन गर्न स्वीकृतिको लागि नेपाल सरकारलाई सकारात्मक राय पठाएको, शिक्षा मन्त्रालयले १०० जना विद्यार्थी भर्ना गर्न सम्बन्धनको लागि त्रिभुवन विश्विवद्यालय उपकुलपतिको कार्यालयमा सिफारिस गरी पठाएको, नयाँ निजी क्षेत्रको मेडिकल कलेजको अस्थायी सम्बन्धनको लागि त्रिभुवन विश्वविद्यालय, उपकुलपतिको कार्यालयद्वारा मिति २०७०।६।१० गते प्रकाशित भएको सूचनामा उल्लेख भएअनुसार १५ वटा शर्तहरू पालना गर्न मन्जुर गरी Expression of Interest पेस गरेको, सम्बन्धन लिनका लागि आवश्यकीय शुल्कहरू बैंङ्कमा जम्मा गरेको भौचर पेस गरेको, सात सदस्य रहेको विशेषज्ञ टोलीद्वारा कलेजको विस्तृत सम्भाव्यता अध्ययन गरी प्रतिवेदन पेस गरेको देखिन आएको र विपक्षी जिम्मेवार निकायहरूको विश्वासमा परी निवेदकले मेडिकल कलेजका लागि पूर्वाधारसमेत निर्माणका लागि लगानी गरी प्रक्रिया सम्पन्न गरिसकेको स्थितिमा पनि सम्बन्धनको विषयमा यथासमयमै निर्णय नगरी राख्नु वैध अपेक्षा (Legitimate Expectation) को विपरीत हुने हुनाले शैक्षिक सत्र सुरू हुनुभन्दा अगावै सम्बन्धन दिने विषयमा कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल भदौ ३१ गते रोज ३ शुभम् ।

३

**स.प्र.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-WO-०५८४, उत्प्रेषण/परमादेश, *विश्वनाथ गोयल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदको नियुक्तिको लागि सञ्चार मन्त्रालयले मिति २०६९।५।१६ मा सूचना प्रकाशन गरी दूरसञ्चार ऐन, २०५३ को दफा ५(१) बमोजिम योग्यता पुगेको र अनुभव भएको व्यक्तिहरूबाट दरखास्त आह्वान गरिएको र यी निवेदक तथा विपक्षीसहित अन्य व्यक्तिहरू समेतको दरखास्त परेकोमा दफा ५(२) बमोजिम सिफारिस समिति गठन भई सो समितिद्वारा सबै प्रत्याशीहरूबाट Vision Paper प्रस्तुत गर्न लगाई अन्तर्वार्तासमेत लिई योग्यताक्रम निर्धारण गरी नियुक्तिका लागि नेपाल सरकारसमक्ष नाम सिफारिस भएको तथा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट योग्यताक्रमको १ नं. मा रहेको दिगम्बर झालाई नियुक्ति गर्ने मिति २०६९।८।१९ मा निर्णय भई निज मिति

२०६९।८।२० मा नियुक्ति भई मिति २०६९।८।२१ मा पदभार ग्रहण गरी कार्य प्रारम्भ गरेको भन्ने निवेदन जिकिर लिखित जवाफ एवम् सम्बन्धित सिफारिस र नियुक्तिसम्बन्धी सञ्चार मन्त्रालयबाट प्राप्त फाइलबाट देखिन्छ। निजले पदभार ग्रहण गरी कार्य सञ्चालन गरेपछि यी निवेदकले निज दिगम्बर झाको कानूनले तोकेको योग्यता नरहेको हुँदा सिफारिस र नियुक्तिसमेत बदर गरिपाउँ भनी यस अदालतमा मिति २०६९।८।२२ मा प्रस्तुत रिट परेको देखिन्छ। दूरसञ्चार प्राधिकरणको अध्यक्षको नियुक्तिसम्बन्धी कानूनी व्यवस्थालाई हेर्दा दूरसञ्चार ऐन, २०५३ को दफा ५(१) मा "प्राधिकरणमा दूरसञ्चार सेवासँग सम्बन्धित प्राविधिक र प्रशासनिक, बजार व्यवस्थापन, लेखा तथा लेखापरीक्षण वा कानूनी क्षेत्रमा तोकिएबमोजिम योग्यता र अनुभव भएका अध्यक्षसहित पाँचजना सदस्यहरू रहनेछन्" भनी व्यवस्था भएको पाइन्छ। यस दफामा "तोकिएबमोजिम योग्यता र अनुभव भएका" भनी समेत उल्लेख भएकोले सो प्रयोजनको लागि दूरसञ्चार नियमावली, २०५४ को नियम ३ मा योग्यता र अनुभव तोकिएको पाइन्छ। सोअनुसार उक्त नियम ३ मा "प्राधिकरणको अध्यक्ष तथा सदस्य हुनको लागि ऐनको दफा ५ को उपदफा (१) मा उल्लेखित क्षेत्रमा मान्यताप्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा अध्यक्षको हकमा कम्तीमा दश वर्ष र सदस्यको हकमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको नेपाली नागरिक हुनुपर्नेछ" भनी उल्लेख भएको छ। यसबाट उक्त ऐन र नियमको प्रावधान अनुसार प्राधिकरणको अध्यक्ष एवम् सदस्य हुनका लागि समान किसिमको शैक्षिक योग्यता निर्धारण भएको छ तर सोको लागि चाहिने अनुभवको सन्दर्भमा अध्यक्षको हकमा १० वर्ष तथा सदस्यको हकमा ७ वर्ष निर्धारण गरिएको देखिन्छ।

ऐनको मनसाय दूरसञ्चार सेवासँग सम्बन्धित व्यक्ति मात्र प्राधिकरणको अध्यक्षको पदका लागि योग्य हुने नभै उक्त दफा ५ (१) र नियम ३ मा उल्लेख भएका अन्य क्षेत्रका प्राविधिक व्यक्तिहरूलाई समेत अध्यक्षको पदको लागि योग्य मान्नुपर्ने औचित्यपूर्ण देखिन आउने।

दूरसञ्चार नियमावली २०५४ को नियम ४ मा अध्यक्षको काम, कर्तव्य र अधिकारको सम्बन्धमा कानूनी व्यवस्था गरिएको र ती व्यवस्थाहरू हेर्दा अध्यक्षको जिम्मेवारी, प्राधिकरणको प्रशासनिक प्रमुखको रूपमा काम गर्ने,वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी गराई प्राधिकरणको बैठकमा पेस गर्ने, कोषको रेखदेख तथा नियन्त्रण गर्ने, प्राधिकरणको सम्पत्तिको स्याहार सम्भार गर्ने गराउने, प्राधिकरण र नेपाल सरकार तथा अन्य सङ्घ संस्थाबीच सम्पर्क अधिकारीको रूपमा काम गर्ने एवम् ऐन वा नियमावलीबमोजिम प्राधिकरणबाट प्रत्यायोजित अन्य काम गर्ने गराउनेजस्ता दूरसञ्चार सेवाप्रदायक कम्पनीहरूको नियमन गर्न प्रशासनिक एवम् प्रबन्धनसँग प्रत्यक्षरूपले सम्बन्धित रहेको छ। सेवाप्रदायक कम्पनीजस्तो प्राविधिक पक्षसँग प्रत्यक्षरूपले सम्बन्धित अध्यक्षको काम कर्तव्यहरू तोकिएको नदेखिनाले, उक्त ऐनमा उल्लिखित कुनै पनि क्षेत्रमा स्नातक प्राविधिक भै तोकिएको अनुभव सँगालेका व्यक्तिलाई सो पदको लागि कानूनीरूपले योग्य मान्न सकिने

कुरा औचित्यपूर्ण रहेको स्पष्ट हुन आउने।

प्रत्यर्थी दिगम्बर झाको शैक्षिक योग्यता एवम् अनुभवका सम्बन्धमा हेर्दा निज मेकानिकल इन्जिनियरिङ (Mechanical Engineering) मा स्नातक हुनुका साथै अर्थशास्त्र (Economics) समेतमा स्नातक भएको एवम् निजले कन्सट्रक्सन मेनेजमेन्ट (Construction Management) मा स्नातकोत्तर परीक्षासमेत उत्तीर्ण गरेको हुँदा, निज ऐनले निर्धारित गरेअनुसार स्नातक मात्र नभई स्नातकोत्तरसमेतको उपाधिप्राप्त गरेको भन्ने कुरामा विवाद देखिएन। निजको योग्यता ऐनले निर्धारित गरेका क्षेत्रहरूमध्ये कुनै क्षेत्रमा रहे नरहेको भन्ने सम्बन्धमा विचार गर्दा निजले अर्थशास्त्रसमेतमा स्नातकको उपाधि हासिल गरेकोले बजार व्यवस्थापनसम्बन्धी योग्यता निजमा छ । यसै प्रकार निजले प्राप्त गरेको अनुभव सम्बन्धमा विचार गर्दा निजका कार्य क्षेत्रहरूमा निजले नेपाल आयल निगमको कार्यकारी निर्देशक (Managing Director) भै काम गरेको ४ वर्षको अनुभवसहित Small Towns Water Supply Sanitation Project मा लगभग ३ वर्ष काम गरेको एवम् सडक विभागअन्तर्गतको RMDP Institutional Strengthening आयोजनामा लगभग ४ वर्ष गरी अन्य क्षेत्रहरूसमेतमा काम गरेको देखिएबाट अनुभवको क्षेत्रमा समेत कानूनले निर्धारित गरेको अनुभव अर्थात् १० वर्षको अनुभव निजसँग नभएको भन्न नसकिने।

यी निवेदकले नियुक्तिको प्रक्रियालाई स्वीकार गरी प्रतिस्पर्धाको प्रत्येक चरणमा यी प्रत्यर्थीसँग प्रतिस्पर्धा गरेको देखिएको तर सो प्रतिस्पर्धामा निज योग्यतम् नठहरी नियुक्तिमा नपरेको अवस्थामा मात्र आफ्नो प्रतिस्पर्धीको योग्यतालाई चुनौती दिएकोबाट निवेदक सफा हात, सफा हृदय लिई अदालतमा प्रवेश गरेको मान्न मिल्दैन । आफ्नो प्रतिस्पर्धीसँग छनौट प्रक्रियाको प्रारम्भमा Vision Paper पेस गर्ने, सो प्रस्तुत गर्ने, अन्तर्वार्तामा सामेल हुने र प्राप्ताङ्कको आधारमा योग्यताक्रम निर्धारण गरिएको समेत कार्यलाई स्वीकार गरेको तर नियुक्तिमा नपरेपछि छनौटका सबै प्रक्रियालाई स्वीकार गरी निष्कर्ष स्वरूपको नियुक्तिलाई मात्र अस्वीकार गरेकोलाई उचित र कानूनसङ्गत मान्न मिल्दैन। निवेदकले छनौटको प्रक्रियामध्ये सबै प्रक्रियालाई स्वीकार गरेपछि निष्कर्ष र परिणामलाई अन्यथा हो भनी भन्न मिल्ने हुँदैन। साथै यी निवेदक छनौटका सबै प्रक्रिया पूरा भइसकेपछि सफल उम्मेद्वारलाई नियुक्त दिई निजले कार्यभार ग्रहण गरी प्राधिकरणको कार्य सञ्चालनसमेत गरी सकेपछि मात्र रिट निवेदन दायर गरी आफू मात्र योग्य र उपयुक्त रहेको भनी आत्मपरक ढङ्गले पुष्टि गर्न खोजेको देखिने।

दूरसञ्चार प्राधिकरणका अध्यक्ष पदको नियुक्ति गर्न ऐनको दफा ५(२) बमोजिम गठित समितिको गठन विधि, सो समितिले छनौटको लागि अवलम्बन गरेको प्रक्रिया, समितिको निष्पक्षता अन्तर्वार्ताको प्रक्रियागत त्रुटि वा अन्य कुनै कानूनी त्रुटिसम्बन्धी विवाद उठाएको देखिँदैन। छनौट प्रक्रियामा कानूनी त्रुटि (Error of Law) देखाउन नसकेको अवस्थामा छनौटका सारा प्रक्रिया कानूनी रहेको भनी स्वीकार गरेपछि सोको परिणामलाई अस्वीकार गर्न नमिल्ने।

माथि विवेचना गरिएअनुसार दूरसञ्चार

ऐन, २०५३ को दफा ५(१) बमोजिम दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदको लागि उक्त दफा ५(१) र दूरसञ्चार नियमावली, २०५४ को नियम ३ मा तोकिएबमोजिमको योग्यता र अनुभव निज प्रत्यर्थी दिगम्बर झामा विद्यमान रहेको देखिएको र दफा ५(२) बमोजिम गठित सिफारिस समितिले निर्धारित गरेको छनौट प्रक्रिया र प्रतिस्पर्धाका सबै चरणमा यी निवेदक र प्रत्यर्थीसमेत एकसाथ सामेल रही दूरसञ्चार प्राधिकरणको कार्य योजना Vision Paper पेस गरेको र प्रस्तुतीकरण तथा अन्तर्वार्तासमेतमा सम्मिलित रही योग्यताक्रम निर्धारण गरी सिफारिस समितिले यी निवेदक र प्रत्यर्थी समेतका ३ जनाको नाम नियुक्तिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष पेस गरेकोमा सिफारिस गरेमध्येबाट नेपाल सरकारबाट प्रत्यर्थी दिगम्बर झालाई दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा नियुक्त गरेको र निजले नियुक्ति पाई पदभार ग्रहण गरी प्राधिकरणको कार्य सञ्चालन प्रारम्भ गरी सकेपछि मात्र रिट दायर गरेको देखिएकोले निज निवेदकले नियुक्तिको सिफारिस प्रक्रियामा कुनै कानूनी त्रुटि भएको (Error of Law) वा सिफारिस समितिको अधिकारक्षेत्र नरहेको वा छनौट प्रक्रिया विधिसम्मत् नभएको वा निष्पक्षता प्रदर्शन नगरी पक्षपातपूर्ण कार्य गरेको जस्ता कुरा नउठाई प्रतिस्पर्धामा तेस्रो स्थानमा रही आफूले नियुक्ति नपाएको कारणले मात्र नियुक्ति पाउनेको योग्यता नपुगेको भनी यी निवेदकले दावी गरेको र छनौट प्रक्रियाको प्रारम्भमा नै असहमति व्यक्त गर्नुपर्ने कुरा नियुक्ति सम्पन्न भई सकेपछि विवाद उठाई रिट दायर गरेको कार्य सफा हात, सफा हृदय र सफा उद्देश्यले नआएको हुँदा यस्तोलाई अदालतले मद्दत गर्न नसक्ने।

इजलास अधिकृतः ममता खनाल

कम्प्युटर: रामशरण तिमल्सिना

इति संवत् २०७१ साल कात्तिक ११ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६९-WO-०६०३, उत्प्रेषण/परमादेश, *जगन्नाथ मिश्रसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६७-CI-१०४३, ०३९६, लेनदेन, *गोपीप्रसाद लोध वि. राममिलन यादव, भगौतीप्रसाद लोधको मु.स. गर्ने रामसुमन लोध वि. राममिलन यादव*

प्रमाणमा आएको वादी गोपीप्रसाद लोध प्रतिवादी भगौतीप्रसाद लोध भएको अंश मुद्दाका प्रतिवादी भगौतीप्रसाद लोधले फाँटवारी पेस गर्ने क्रममा गोपीको छोराको विवाह गर्दा वादी राममिलन यादवबाट रू.५०,०००।– ऋण लिएको स्वीकार गरेको देखिन्छ। यसरी वादीले पेस गरेको तमसुक लिखत कानूनको रीत पुगेको देखिनुको साथै ऋण लिँदाका मितिमा प्रतिवादीहरू सगोलमै रहेको देखिँदा वादीले प्रतिवादीहरूबाट लिखतबमोजिमको साँवा ब्याज भरिपाउने नै देखिँदा सुरू दाङ जिल्ला अदालतबाट वादी दावी नपुग्ने ठहर्‍याएको फैसला उल्टी गरी वादी दावीबमोजिम वादीले

प्रतिवादीहरूबाट तमसुक लिखतबमोजिमको साँवा ब्याज भरिपाउने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख २ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** ०७०-MS-००१७, अदालतको अवहेलना, *शिवचन्द्र पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयसमेत*

भौतिक योजना, निर्माण तथा यातयात व्यवस्था मन्त्रालयबाट प्राप्त सक्कल फाइल हेर्दा मिति २०६९।२।८ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाको सट्टा सर्वोच्च अदालतको मिति २०६८।१०।५ को आदेशलाई कार्यान्वयन गर्न नेपाल निर्माण व्यवसाय नियमावली, २०५६ को अनुसूची ५ खण्ड ५ को सट्टा देहायको खण्ड ५ मा सङ्घ, सङ्गठन वा महासङ्घको सदस्यता लिएको भए सङ्घ, सङ्गठन वा महासङ्घको नाम, सदस्यता नं. र नवीकरण मिति राखी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालयबाट मिति २०६९।९।२० मा सो सूचना सम्पादन गरिदिन कानून, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालयमा पठाई सम्पादनपश्चात् मुद्रण विभागमा पठाउने भन्ने निर्णय भएको देखिन्छ । सो निर्णयपश्चात् मिति २०६९।१०।८ मा नेपाल राजपत्रमा प्रकाशित सूचनामा सङ्गठन वा महासङ्घको सदस्यता लिएको नवीकरण मिति उल्लेख भए (क) सङ्घ, सङ्गठन वा महासङ्घको नाम (ख) सदस्यता नं. (ग) नविकरण मिति उल्लेख हुनुका साथै आज यस इजलासमा प्रस्तुत मुद्दा सुनुवाइका क्रममा विपक्षी भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालयका सचिव श्री तुलसीप्रसाद सिटौला उपस्थित भई समयमै सूचना प्राप्त गर्न नसकी अज्ञानतावश मिति २०६९।२।८ मा निर्माण व्यवसायी महासङ्घको अनिवार्य सदस्यता लिनुपर्ने पुरानै प्रावधान राखेकोमा क्षमा माग्दै पुन: तत्कालै अदालतको आदेशलाई कार्यान्वयन गरिसकेको छु भनी आफ्नो जवाफ दिएको पाइँदा यस अदालतको मिति २०६८।१०।५ को आदेशबमोजिम विपक्षीबाट नेपाल राजपत्रको मिति २०६९।२।८ को सूचना मिति २०६९।१०।८ को नेपाल राजपत्रको सूचनाद्वारा संशोधन गरी यस अदालतको आदेश कार्यान्वयन गरिसकेको र अदालतको अपहेलना सजाय गरिरहनु नपर्ने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: बेदना अधिकारी

इति संवत् २०७१ साल वैशाख ४ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** ०६९-CI-०५९७, निषेधाज्ञायुक्त परमादेश, *सानुमाया श्रेष्ठसमेत वि. दावा शेर्पिनीसमेत*

मालपोत कार्यलय, चाबहिलको मिति २०६९।९।२७ को पत्रसाथ प्राप्त जग्गाधनी दर्ता स्रेस्ता हेर्दा कि.नं. ३०९ को ०-३-३-० जग्गा पुनरावेदक दशरथ बस्नेत र सानुमाया श्रेष्ठका नाममा रही सो जग्गा बाटो भन्ने उल्लेख भएको

देखिन्छ । उक्त कि.नं. ३०९ को जग्गामा रहेको बाटो प्रत्यर्थी बाहेकका निवेदकसमेतले प्रयोग गर्न पाउने हो होइन भन्ने सम्बन्धमा सो बाटो प्रत्यर्थीहरूको नाममा संयुक्त दर्ता भएको देखिए पनि सो सर्भे नक्साबाट सो बाटोले निवेदकलगायतका व्यक्तिहरूको जग्गालाई छोएको र सार्वजनिक प्रयोगको रूपमा रहेको देखिन्छ । मिति २०६२।१०।१३ को नेपाल सरकार मन्त्रिस्तरीय निर्णयबाट कित्ताकाट गरी व्यक्तिको स्वामित्वमा रहेको निजी बाटोलाई सार्वजनिक बाटो कायम गर्ने निर्णय हुनुको साथै मिति २०६८।७।२० मा गाविस कार्यालय, बालुवा सुन्ताखानले निवेदक ग्याल्मु शेर्पीनीका नाममा रहेको जग्गामा कच्ची मोटर बाटो रहेको र कि.नं. ३०९ को जग्गालाई बाटो जनिएको देखिन्छ । यसरी साविकदेखि नै निवेदकहरूसमेतले प्रयोग गर्दै आएको बाटोलाई हाल आएर रोक्का गर्नु कानूनसम्मत् रहेको मान्न नमिल्ने हुँदा निवेदन दावीको कि.नं. ३०९ को जग्गामा भएको बाटोमा पर्खाल लगाउनेसमेतका कार्य रोक्का राखी निवेदकलाई सो बाटोमा आवतजावत गर्न रोक नलगाउनु भनी विपक्षीका नाममा निषेधाज्ञायुक्त परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: बेदना अधिकारी

इति संवत् २०७१ साल वैशाख ४ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-WO-०२३७, उत्प्रेषणसमेत, *नेपाल कम्युनिष्ट पार्टी (माक्सवादी-लेनीनवादी) केन्द्रीय कमिटीको तर्फबाट अधिकारप्राप्त देउमान सम्बाहाम्फे वि. निर्वाचन आयोग, बहादुरभवन काठमाडौंसमेत*

निवेदक नेपाल कम्युनिष्ट पार्टी (माक्सवादी-लेनीदवादी) ले आफ्नो निवेदन मागबमोजिम मतपत्रको क्रमसङ्ख्या नं. ५ मा सो दलको चुनाव चिह्न हँसिया-तारा कायम भई निवेदकले निवेदनमा उल्लेख गरेजस्तो निर्वाचन आयोगको काममा कुनै गैरकानूनी कार्य भएको भन्ने नदेखिएको र हाल संविधानसभा निर्वाचन सम्पन्न भई आदेश जारी गर्नुपर्ने अवस्था नै व्यतीत भइसकेकोले प्रस्तुत रिट निवेदन खारेज हुने हुँदा मिति २०७०।६।९ मा यस अदालतबाट जारी भएको अन्तरिम आदेशसमेत स्वत: निष्क्रिय हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ २७ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-WO-०१५०, परमादेश/प्रतिषेध, *चुरेभावर लोकतान्त्रिक पार्टीका तर्फबाट अख्तियार प्राप्त ऐ.का. अध्यक्ष एवम् आफ्नो हकमासमेत भूमिराज निरौला वि. निर्वाचन आयोग, बहादुरभवन काठमाडौंसमेत*

निवेदकले २०७०।८।४ मा हुने संविधानसभा निर्वाचनमा आफ्नो पार्टीलाई बदनाम गराउने उद्देश्यले विपक्षीहरूले संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७० विपरीत प्रचारप्रसार गरेकाले सो रोकी निजहरूलाई आवश्यक कारवाही गर्न परमादेशसमेत जारी गरिपाउँ भन्नेसम्बन्धमा हेर्दा,

हाल आएर संविधानसभा निर्वाचनको अवधि व्यतीत भइसकेको र आचारसंहिता उल्लङ्घनको स्थिति पनि विद्यमान रहिरहेको छैन । यस अदालतबाट मिति २०७०।५।४ मा निवेदकले निवेदनमा उल्लेख गरेबमोजिमको विषयवस्तु प्रचारप्रसार नगर्नु भनी विपक्षीउपर अन्तरिम आदेश भई मिति २०७०।५।३० मा त्यसलाई निरन्तरता दिएको आदेशबाट निवेदनको प्रयोजन प्राप्त भइसकेको देखिएको र मिति २०७०।८।४ मा संविधानसभा निर्वाचन सम्पन्न भई निवेदनको औचित्यसमेत समाप्त भइसकेकोले तत्काल प्रस्तुत निवेदनको रोहमा आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने हुँदा यस अदालतबाट मिति २०७०।५।४ मा अन्तरिम आदेश जारी भई त्यसलाई निरन्तरता दिएको मिति २०७०।५।३० को आदेशसमेत स्वत: निस्क्रिय हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ २७ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-WO-०८९०, उत्प्रेषण/परमादेश, *रीताकुमारी यादवसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत*

विद्यालयले गरेको कामको पुनरावलोकन गर्ने सम्बद्ध अरू निकायहरू पनि छन्। विद्यालय आफैँले करार र कानूनका शर्तहरू पहिला विचार गर्नुपर्छ र सो गर्न नपर्ने वा गर्न नसक्ने कारण पनि छैन। त्यस्तो हुँदाहुँदै आफ्नो सरोकार वा अख्तियारले कानूनको आधार नै नदेखाई निर्देशन दिई अन्य क्षेत्रमा प्रवेश गर्न न त अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई साध्य हुन्छ न त उचित। सबैले आफ्नो कानूनी सीमाभित्र रहेर नै काम गर्नुपर्ने।

आफ्नो कामबाट राम्रो उद्देश्य नै हासिल गर्ने अवस्था भए पनि अर्काको क्षेत्रको मर्यादा राख्न र आफूले क्षेत्राधिकार उल्लङ्घन नगरेको निश्चित गर्न आत्मसंयमकासाथ कार्य गर्नु जरूरी रहन्छ । राम्रो उद्देश्य भन्दैमा क्षेत्राधिकारविहीन कार्य गर्न पनि नहुने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयबाट लक्ष्मी बल्लभ नरसिंह उच्च माध्यमिक विद्यालयमा कार्यरत् प्राथमिक शिक्षक निवेदकहरूलाई म्याद थप नगर्ने परिस्थिति आएस्वरूप सुनुवाइको मौकासमेत प्रदान नगरी निजहरूको म्याद थप नगरिएको कार्य त्रुटिपूर्ण देखिँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९।९।२३ को निर्णय र सो आधारमा भएका कार्यहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने।

परिपत्रले अनिश्चित कालसम्म करारको स्वचालित म्याद थप गर्न निर्देश दिएको अवस्था नदेखिँदा करार र कानूनका अधीनमा रही सम्बद्ध विद्यालय व्यवस्थापन समिति र शिक्षक छनौट समितिले नियमितरूपले कार्य गर्नुपर्ने हुँदा कानूनबमोजिम मात्रै पदपूर्ति गर्ने गराउने व्यवस्थाका लागि विपक्षी सबैलाई निर्देशन जारी हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ २७ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०८३३, ०९६७, १००३, लागु औषध हेरोइन, *नेपाल*

*सरकार वि. Rome Nnadozie समेत, Hensh Kelechi वि. नेपाल सरकार, Rome Nnadozie वि. नेपाल सरकार*

प्रतिवादीहरू Hensh Kelechi र Rome Nnadozie ले मौकामा एवम् सुरू अदालतमा समेत बयान गर्दा आफूहरूबाट अभियोग दावीबमोजिमको कसुर गरेकोमा इन्कार रही बयान गरेको देखिए पनि प्रस्तुत मुद्दाका मुख्य प्रतिवादी Meredith Bodine Nduka को शरीर खानतलासी गर्ने क्रममा निजले सानो कागजको चिट जस्तो टुक्राहरू झिकी हेरोइन फेला परेको ठाउँ नजिक फ्याँकेको, सो टुक्रामा Lucky Star Hotel, Room No. 201 Rome र Room No. 303 Hensh Kelechi भन्ने उल्लेख भएकोमा सो होटल रहेको स्थान ठमेलमा गई खानतलासी गर्ने क्रममा यी प्रतिवादीहरू Rome Nnadozic र Hensh Kelechi पक्राउ परेको देखिन्छ । यी प्रतिवादीहरूले प्रतिवादी Meredith Bodine Nduka लाई चिन्दैनौं, आफूहरूको लागु औषध कारोबारमा संलग्नता नभएको भनी इन्कारी बयान गरे तापनि Meredith Bodine Nduka ले फालेको कागजको टुक्रामा निजहरूको नाम, होटलको नाम, कोठा नं., निजहरूको मोबाइल नं. समेत उल्लेख भएकोमा निजहरूको साथबाट मोबाइलहरू बरामद भएको, सो मोबाइलबाट पटकपटक पाकिस्तान फोन गरेको, प्रतिवादी Meredith Bodine ले तिनीहरूलाई पोल गरेको र मुख्य प्रतिवादी पाकिस्तानबाट आएको देखिँदा प्रतिवादीहरूले इन्कारी बयान गर्दैमा परिस्थितिजन्य प्रमाणका आधारमा निजहरू निर्दोष रहेछन् भन्न मिल्ने अवस्था नदेखिने ।

लागु औषध सङ्गठित अपराधअन्तर्गत पर्ने संवेदनशील प्रकृतिको कसुर हो । यसको कारोबारमा लाग्नेहरू, सूक्ष्मतम् प्रक्रिया अपनाउने गर्दछन् । यस्तो कसुरमा संलग्न हुनेहरू विशिष्ट किसिमको योजना मुताबिक सञ्चालित हुने गर्दछन् । सङ्गठित गिरोहद्वारा सञ्चालन गरिने यस्ता अपराधिक क्रियाकलापहरू अहिलेको युगमा चुनौतिको रूपमा खडा भएको छ । यस्ता प्रकारका अपराध अपराध सञ्चालन गर्नेहरूको सञ्जाल कुनै एक राष्ट्रिय सीमाभित्र मात्र सीमित नरही अन्तर्राष्ट्रिय स्तरसम्म नै फैलिएको र यसको पछाडि अपराधीहरूको अन्य समूहले समेत काम गरिरहेको पनि हुनसक्ने ।

काठमाडौं जिल्ला अदालतको आदेशबमोजिम त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई पुनर्विचार गर्दा सो भन्सार कार्यालयबाट मिति २०६३।१०।२८ मा काठमाडौं जिल्ला अदालतलाई लेखेको पत्रमा Rome Nnadozic ले मिति 19-05-2006 का दिन (पासपोर्ट नं. A33883971) अमेरिकी डलर १०,५००।– घोषणा गरेको व्यहोरा उल्लेख गरी पत्र पठाएको देखिन्छ । यसरी प्रतिवादी Rome Nnadozic ले भन्सारमा नै अमेरिकी डलर १०,५००।– घोषित गरेको भन्सार कार्यालयको पत्रबाट पुष्टि भएको देखिएको र कसुरको कारोबारबाट आर्जन गरेको भन्ने पनि पुष्टि नभएकोले उक्त रकम जफत नगर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको इन्साफसमेत सदर हुने ठहर्छ । वादी प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

पुनरावेदन अदालत, पाटनको इन्साफमा प्रतिवादीलाई ८ वर्ष कैद र रू. ५०००००।– जरिवाना भएकोमा प्रतिवादी Rome Nnadozie थुनामा बसेको अवधि ८

वर्ष व्यतीत भएको देखिएको र जरिवाना रकम बरामद भएको रकमबाट असुल हुनसक्ने नै हुँदा उक्त रकमबाट जरिवाना असुल गरी बाँकी रकम पुनरावेदक Rome Nnadozie लाई नै फिर्ता दिई कानूनबमोजिम रिहाई हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल कात्तिक १४ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-CI-१०७९, निक्षेपको रकम दिलाइपाऊँ, *काठमाडौं जिल्ला, काठमाडौं नगरपालिका, वडा नं. ३० स्थित राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, शाखा कार्यालय, भोटाहिटीको तर्फबाट अख्तियारप्राप्त प्रबन्धक सानुशोभा श्रेष्ठ वि. अमेश महर्जन*

विपक्षी अमेश महर्जन मृतक खातावालाको भतिजा भनी जिकिर लिएको र सोको पुनरावेदकबाट खण्डित पनि नभएकोले निज बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ८१ मा उल्लिखित प्राथमिकताक्रमभित्रकै देखिएका छन् । उक्त उल्लिखित कानूनी अवस्थामा खातावालले खातासँगै विपक्षी अमेश महर्जनलाई इच्छाइएको नजनाइएको भए पनि अन्य अवस्थाको अधीनमा रही एक किसिमको मृतकको इच्छाइएको व्यक्तिसरहकै हैसियत हुने हुनाले बकसपत्र प्राप्त गर्ने अमेश महर्जन छँदाछँदै कोही पनि इच्छित व्यक्ति वा हकवाला नरहेको भनी नेपाल सरकारको हक लाग्ने तर्क गर्नु मनासिब र न्यायसङ्गत् नहुने ।

हक हकको प्रतिस्पर्धामा कसको निकटतम् र प्रधान हक हुने भन्नेतर्फ छुट्ट्याउने विषय हो । खातावाला मृतक बहिनी डङ्गोलद्वारा इच्छाइएको व्यक्तिको दावी नरहेको अवस्थामा बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ८१ मा उल्लिखित प्राथमिकता क्रममा अतिरिक्त विपक्षी अमेश महर्जनले मिति २०६०।१।१२ मा मृतक बहिनी डङ्गोलबाट निजको मृत्युपश्चात् निजका नाममा कायम हुन आउने सम्पूर्ण श्रीसम्पत्ति शेषपछिको बकसपत्रबाट प्राप्त गरेको अवस्थामा विपक्षी बकसपत्रवाला अमेश महर्जनले मृतक बहिनी डङ्गोलको बैङ्क खातामा रहेको निक्षेप रकम पाउने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।१०।२५ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक/प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ २५ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-१४७४, निषेधाज्ञा, *शिवप्रसाद शर्मा वि. सञ्जयकुमार कनौडिया*

कि.नं. ४१६/१ को जवि ०-०-३$^{३}/_{४}$ जग्गा र सोमा बनेको घरसमेत बाँके जिल्ला अदालतको फैसलाबाट मिति २०५५।६।२१ मा लिलाम बढाबढ भई बाँके जिल्ला अदालतबाट च.नं. २८१४ मिति २०५५।७।१७ को पत्रबाट वादी सञ्जयकुमार कनौडिया प्रतिवादी अमरनाथ शर्मा भएको लेनदेनको बिगो भराइपाउँ मुद्दामा वादी सञ्जयकुमार कनौडियाका नाममा दा.खा. गरिदिन नेपालगन्ज नगरपालिका कार्यालयलाई पत्राचार गरेको देखिन्छ । तत्पश्चात् नेपालगन्ज नगरपालिका कार्यलयको मिति

२०५५।१२।१६ को निर्णयबाट उक्त जग्गा सञ्जयकुमार कनौडियाका नाममा दा.खा. भएको देखिएको र मिति २०५९।३।२४ को बाँके जिल्ला अदालतको पत्रानुसार यी वादी सञ्जयकुमार कनौडियाले चलन पुर्जी पाएको देखिन्छ । प्रस्तुत विवादित जग्गा लेनदेनको बिगोमा निवेदक सञ्जयकुमारले लिलाम गरी लिएपश्चात् प्रस्तुत मुद्दाका लिखित जवाफकर्ता शिवप्रसाद शर्माले यी निवेदकसमेतउपर यसै विषयमा बाँके जिल्ला अदालतमा जालसाजी मुद्दा दिएकोमा बाँके जिल्ला अदालतबाट जालसाजी नठहर्ने गरी फैसला भएकोमा सोही फैसलालाई पुनरावेदन अदालत, नेपालन्जबाट मिति २०५७।८।६ मा सदर हुने ठहर्‍याई अन्तिम भएको देखिने।

बाँके जिल्ला अदालतको फैसलाबाट चलन पुर्जीसमेत पाई निवेदकले निर्विवादरूपमा हक स्वामित्व प्राप्त गरेको अवस्थामा निवेदकको घरको छतमाथि गैरकानूनीरूपमा कुनै किसिमको निर्माण कार्य नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६७।२।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ २५ गते रोज १ शुभम्।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-RC-००७७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हर्क रावलसमेत*

मृतक वीरजीत रावललाई प्रतिवादी हर्क रावलले आफूलाई जग्गा नदिएको र आफ्नो श्रीमतीसँग अनुचित व्यवहार गरेका कारण पुरानो रिसइबि लिई मृतकलाई मार्ने मनसायकासाथ राति २.०० बजेको समयमा आफ्नो श्रीमतीसमेत भई दुबैजनाले मृतकलाई छुरी, लाठी, ढुङ्गासमेतले प्रहार गरी मारी मृतककै गोठमा लगी आगो लगाएको समेत प्रतिवादीहरूकै साबिती बयान एवम् मिसिल संलग्न रहेका अन्य तथ्यगत प्रमाणहरूबाट पुष्टि भइरहेको अवस्था देखिँदा सुरू जुम्ला जिल्ला अदालतबाट प्रतिवादीहरू हर्क रावल र सरस्वती रावललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहर गरेको फैसलालाई केही उल्टी गरी यी प्रतिवादीहरूलाई सोही ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने ठहर गरेको पुनरावेदन अदालत, जुम्लाको मिति २०६८।८।२७ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

प्रतिवादीहरूले मृतक वीरजीत रावललाई रातिको समयमा निजको घरमा गई निज पिसाब फेर्न बाहिर निस्केको मौकामा अमानवीय र पाशविक ढङ्गले मानवीय संवेदनशून्य अवस्थामा मृतकको हत्या गरी तत्कालै निजको शवलाई निजकै गोठमा लगी आगो लगाएको स्थिति देखिएकोमा पुनरावेदन अदालत, जुम्लाबाट निज प्रतिवादीहरू हर्क रावल र सरस्वती रावललाई मुलुकी ऐन, अदालती बन्दोवस्तको १८८ नं. बमोजिम ८ वर्ष कैद गर्न व्यक्त गरेको रायसँग सहमत हुने अवस्था नहुँदा उक्त राय सदर नहुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ ३० गते रोज ६ शुभम्।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RC-०१००, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धनप्रसाद साँवा लिम्बु*

प्रतिवादी धनप्रसाद साँवा लिम्बूले आफैंले भिरी राखेको १ इन्ची लामो धारिलो हतियार चुप्पीले मनसायपूर्वक भुँडीमा प्रहार गरी सोही चोट पीडाबाट मृतक लक्ष्मीप्रसाद साँवाको मृत्यु भएकोले सुरू ताप्लेजुङ जिल्ला अदालतबाट प्रतिवादी लक्ष्मीप्रसाद साँवालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी सोही फैसलालाई पुनरावेदन अदालत, इलामबाट मिति २०७०।१०।५ मा सदर गरी साधक सदरका लागि पठाएको सो फैसला मुनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ ३० गते रोज ६ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RC-०१०१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. निमा भन्ने जिते शेर्पा*

प्रतिवादी निमा भन्ने जिते शेर्पाले मृतक मनोज भन्ने पदमबहादुर पौडेललाई खुकुरीले पेटमा रोपी सोही कारणबाट निजको मृत्यु भएको पुष्टि भएको देखिँदा निज प्रतिवादी निमा भन्ने जिते शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १, १३(१) नं. को कसुरमा ऐ. १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको झापा जिल्ला अदालतको फैसलालाई पुनरावेदन अदालत, इलामबाट मिति २०७०।१।९ मा सदर गरी साधक सदरका लागि पेस भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ ३० गते रोज ६ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RC-०१०२, कर्तव्य ज्यान, जबर्जस्ती करणी, *नेपाल सरकार वि. युवराज लुम्रेमगर*

घटनास्थल/लास जाँच प्रकृति मुचुल्कामा मृतक रेजीना गहतराजको लास प्लास्टिकको रातो बोराभित्र पोको पारी अम्लिसो घारीमा रहेको भन्ने उल्लेख गरिएको देखिन्छ । घटना विवरण सम्बन्धमा मौकामा बुझिएका रेनुका बुर्जामगर, तेजबहादुर लुङ्गेली, धनिमाया बुर्जाले मौकामा गरेको कागज एवम् सुरू अदालतमा गरेको बकपत्रमा प्रतिवादी युवराज लुम्रेले मृतक रेजीनालाई घरमा लगी जबर्जस्ती करणी गरेपश्चात् मारी बोरामा हाली अम्लिसो बारीमा फालेको हो भनी किटानीसाथ कागज एवम् बकपत्र गरेको पाइन्छ । इलाम जिल्ला अस्पतालबाट तयार भएको शव परीक्षण प्रतिवेदनमा मृतक रेजीनाको मृत्युको कारणमा Strangulation around neck र bleeding to shock and multiple injuries भन्ने उल्लेख भएको देखिएको र मिसिल संलग्न रहेका अन्य तथ्यगत सबुद प्रमाणसमेतबाट यी प्रतिवादीले मृतकलाई आफ्नो घरमा लगी जबर्जस्ती करणी गरी जबर्जस्ती करणीपश्चात्

मृतकले लगाएको सलले घाँटीमा बाँधी घाँटी थिची मानवीय संवेदनसून्य अवस्थामा पाशविक ढङ्गले हत्या गरी मृतकको शवलाई बोरामा हाली अम्लिसो घारीमा फालेको पुष्टि भइरहेको र प्रतिवादीले सो व्यहोरालाई स्वीकार गरेको अवस्थासमेत देखिँदा यी प्रतिवादी जङ्गबहादुर भन्ने युवराज लुम्रे मगरलाई जतिसुकै कडा सजाय गरे पनि अपर्याप्त हुने अवस्था रहे पनि इलाम जिल्ला अदालतबाट मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(१) नं. बमोजिम १५ वर्ष कैद र ऐ. ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको फैसलालाई पुनरावेदन अदालत, इलामबाट मिति २०७०।२।२० मा सदर गरी साधक जाहेर गरेको सो इन्साफ मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल जेठ ३० गते रोज ६ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WO-१२७७, उत्प्रेषण/परमादेश, *अनामिका श्रेष्ठसमेत वि. बालकृष्ण श्रेष्ठसमेत*

भूमिसुधार कार्यालयको निर्णय एवम् भूमिसुधार कार्यालयबाट प्राप्त भएको लिखित जवाफ एवम् मिसिल संलग्न कागजातहरूबाट उक्त मितिमा मोही बाँडफाँड नभै जग्गाधनी बालकृष्ण श्रेष्ठले जग्गा कमाउने मोही लगत कट्टा गरिपाउँ भन्ने निवेदन र मोहीका हकदारहरू हरिभक्त श्रेष्ठ र अनामिका श्रेष्ठले मोही लगत कट्टा गर्न मन्जुरी दिएको सनाखतसहितको संयुक्त निवेदनको आधारमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ उपदफा १(ग) बमोजिम मोही लगत कट्टासम्म गर्ने निर्णय भएको पाइएको र मालपोत कार्यालय, चाबहिलबाट निवेदकले प्राप्त गरेको मिति २०६९।१२।२ को जग्गाधनी पुर्जा मोही जग्गाको बाँडफाँडबाट नभई आफूखुसी राजीनामा गरी प्राप्त गरेको देखिँदा रिट निवेदकको व्यहोरा वास्तविक तथ्यमा आधारित नभएको देखिनाले प्रस्तुत रिट निवेदन सफा हात परेको भन्न मिलेन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गगनदेव महतो

कम्प्युटर: विश्वराज पोखरेल

इति संवत् २०७१ साल असार ११ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६७-WO-०५७९, उत्प्रेषण/परमादेश, *कमला चौधरीसमेत वि. सुकुम्बासी समस्या समाधान समिति, धनगढी कैलालीसमेत*

निवेदकहरूको उद्देश्य सुकुम्बासी समस्या समाधान आयोगबाट कानूनबमोजिम निजहरूलाई प्राप्त जग्गा दर्ता गराई पाउने रहेको र सोबमोजिमको कार्य नगर्ने वा गर्न इन्कार गरेको भन्ने कुरा जग्गा दर्ता गर्ने साधिकार निकाय अर्थात् मालपोत कार्यालयको लिखित जवाफबाट नदेखिएको अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु औचित्यपूर्ण देखिन नआउँदा रिट निवेदकहरूको निवेदन मागबमोजिम जग्गा दर्ता गराई पाउने सम्बन्धमा सम्बन्धित मालपोत कार्यलयसमक्ष निवेदन परेको भए सोसमेतको व्यहोरा जनाई यी

रिट निवेदकहरूले निवेदन गर्नसक्ने नै हुँदा र सो सम्बन्धमा मालपोत कार्यलयबाट कानूनबमोजिम कारवाही हुनसक्ने नै हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन दावी खारेज हुने ।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल कात्तिक १३ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६७-WO-०९६३, उत्प्रेषण/परमादेश, *दलबहादुर थारूसमेत वि. सुकुम्बासी समस्या समाधान समिति, धनगढी कैलालीसमेत*

सुकुम्बासी समस्या समाधान आयोगबाट सुकुम्बासीका हैसियतले रिट निवेदकहरूले प्राप्त गरेको जग्गाको हाल साविक गरी नयाँ जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी यी रिट निवेदकहरूले विपक्षी कार्यालयहरूमा निवेदन दिएको भनी निवेदनमा उल्लेख गरेको देखिए तापनि सोको दर्ता मितिलगायत निवेदन गरेको भन्ने देखिनेसम्मको तथ्ययुक्त कागज प्रमाण रिट निवेदनसाथ संलग्न गरेको देखिएन । निवेदकहरूले प्राप्त गरेको जग्गाको नयाँ जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी निवेदन दिएको अवस्थामा कानूनबमोजिम कारवाही हुने भनी मालपोत कार्यालय, कैलालीले पेस गरेको लिखित जवाफमा प्रतिबद्धता व्यक्त गरेको देखिन्छ । यसबाट मालपोत कार्यालयले आफूसमक्ष परेको वा पर्ने निवेदनमा कानूनबमोजिम कारवाही गर्न इन्कार गरेको भन्ने देखिन आएन । निवेदकहरूको उद्देश्य सुकुम्बासी समस्या समाधान आयोगबाट कानूनबमोजिम निजहरूलाई प्राप्त जग्गा दर्ता गराई पाउने रहेको र सोबमोजिमको कार्य नगर्ने वा गर्न इन्कार गरेको भन्ने कुरा जग्गा दर्ता गर्ने साधिकार निकाय अर्थात् मालपोत कार्यालयको लिखित जवाफबाट नदेखिएको अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु औचित्यपूर्ण नदेखिने ।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल कात्तिक १३ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६६-CR-०५४८, भ्रष्टाचार, *नेपाल सरकार वि. मायाराम कुर्मी*

यी प्रतिवादीले राष्ट्रसेवकको पद पाउने उद्देश्यले झुट्टा प्रमाणपत्रहरू आफैंले पेस गरेको तथ्यलाई स्वीकार गरेको देखिएको र सो प्रमाणपत्रहरू नक्कली होइनन् भनी खण्डन हुने अन्य कुनै खम्बिर प्रमाणहरू पेस गर्न सकेको नदेखिँदा सो सम्बन्धमा आफूलाई थाहा जानकारी हुँदाहुँदै उक्त ओहदा पाउने वा सो ओहदामा बहाल रहने मनसाय राखी जानीजानी बद्नियतपूर्वक नक्कली प्रमाणपत्र पेस गरी त्यस्तो कसुरजन्य कार्य गरेको भन्ने कुरा स्पष्ट हुन आउने ।

प्रस्तुत मुद्दा हदम्यादभित्रकै देखिएको, प्रमाणपत्र प्रमाणीकरण गर्न पठाउँदा “बहराइच जनपदमे यह अनुक्रमाङ्क अनुदानित नहीं है” भनी उल्लेख भई आएकोले प्रतिवादीले पेस गरेका प्रमाणपत्रहरू नक्कली देखिन आएको हुनाले निज प्रतिवादी मायाराम कुर्मीले माथि उल्लिखित कानूनी व्यवस्थाबमोजिमको कसुरजन्य कार्य गरेको देखिएबाट त्यस्तो नक्कली प्रमाणपत्र पेस गरी राष्ट्र सेवकको ओहदा पाई ओहदामा

बहाल रहने व्यक्ति सजायको भागी हुने भन्ने कुरामा विवाद रहेन। साथै उल्लिखित प्रतिपादित सिद्धान्तसमेतका आधारबाट कुनै फाइदा वा लाभ लिए वा नलिए तापनि झुट्टा प्रमाणपत्र मिसिल सामेल रहेको अवस्थामा मात्र पनि भ्रष्टाचार गरेको ठहर्ने हुँदा यी प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुर गरेको ठहर्छ । प्रतिवादीले कसुर गरेको नठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०६६।८।१५ को फैसला उल्टी भई निज प्रतिवादी मायाराम कुर्मीलाई कसुर गर्दाको बखत प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९(२) बमोजिम रू. ५००।– (पाँचसय रूपैयाँ) जरिवाना हुने।

इजलास अधिकृत: हेमबहादुर सेन

कम्प्युटर: विश्वराज पोखरेल

इति संवत् २०७१ साल भदौ २४ गते रोज ३ शुभम्।

- यसै प्रकृतिको ०६६-CR-०५४९, भ्रष्टाचार, *नेपाल सरकार वि. भागीरथा चुँडाल (सिटौला)* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६७-CI-०५२४, बकसपत्र बदर, दर्ता बदर, *शिवा तेलीसमेत वि. राजकुमार साहको हकमा रीतादेवी*

स्त्री अंशधनको महलको २ नं. मा रहेको व्यवस्था मिति २०६३।७।१७ मा संशोधन भई हाल "भिन्न भएकी कन्या, सधवा वा विधवाले आफ्नो अंशहकको चल अचल सम्पत्ति आफूखुसी गर्न पाउँछन्" भनी उल्लेख भएको पाइएकाले दावीबमोजिम बकसपत्रको लिखत बदर भएको अवस्थामा पनि विवादित सम्पत्ति प्रतिवादी दाताकै नाममा रहन जाने र हालको परिवर्तित सन्दर्भमा उक्त सम्पत्ति प्रतिवादीले आफ्नो इच्छाअनुसार उपभोग वा हक हस्तान्तरण गर्नुपर्दा यी वादीको मन्जुरी लिनुपर्ने अवस्थासमेत नदेखिँदा दावी पुग्ने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेको नदेखिँदा यी वादी, प्रतिवादी बुधनीदेवीको छुट्टिई भिन्न भएको सौतेनी छोरो भएको, स्त्री अंश धनको महलको तत्काल प्रचलित २ नं. मा उल्लेख भएको छोरो शब्दले सौतेनी छोरोसमेतलाई जनाउने नदेखिएको, दावीबमोजिम बकसपत्रको लिखत बदर भएको अवस्थामा पनि विवादित सम्पत्ति यी वादीको नाउँमा जाने नभई प्रतिवादी दाताकै नाममा रहन जाने देखिनुका साथै उल्लिखित स्त्री अंश धनको महलको २ नं. मिति २०६३।७।१७ मा संशोधन भई भिन्न भएको सधवा स्वास्नी मानिसले आफ्नो अंश हकको सम्पत्ति आफूखुस गर्न पाउँछन् भन्ने व्यवस्था भई हालको परिवर्तित अवस्थामा उल्लिखित सम्पत्ति प्रतिवादी दाताले आफूखुस गर्न पाउने अवस्थाको नै देखिएको समेतका आधार कारणबाट वादी दावी पुग्न नसक्ने ठहर्‍याउनुपर्नेमा दावीबमोजिमको बकसपत्रको आधा जग्गाको लिखत दर्ता बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।२।३ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई प्रस्तुत मुद्दामा वादीको दावी नपुग्ने।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल कात्तिक ९ गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-WO-०४७०, उत्प्रेषणसमेत, *हिसाबुदिन अन्सारी वि. मालपोत कार्यालय, बारा कलैयासमेत*

निवेदक स्वयम्ले विवादित जग्गाको स्रेस्ता बदर गरिपाउँ भनी २०६७।१०।३ मा निवेदन दिएको आधारमा नै बारा मालमा कारवाही भई निजको नाउँको जग्गा दर्ता बदर भएको देखिन आएको परिप्रेक्ष्यमा सोही मालबाट भएको दर्ता बदर जबर्जस्ती गरिएको भनी निज स्वयम्ले जिल्ला प्रशासन कार्यालय, बारा गैर अड्डामा २०६७।१०।९ मा उजुरी गरी लामो समयसम्म कारवाहीमा बसी समयसमेत व्यतीत गरी पुन: २०६८।८।१५ मा मात्र प्रस्तुत निवेदन दायर गरेको देखिन आउँछ । निवेदकले एक पटक आफूले सार्वजनिक जग्गा हो भनी कबुल गरी लिखितरूपमा सार्वजनिक कार्यालयमा उपस्थित भई स्वीकार गरेपश्चात् विवादित जग्गा दर्ता कायम हुनुपर्ने आफ्ना आधारहरूसमेत नखोली विवन्धनको सिद्धान्तविपरीत प्रस्तुत निवेदन दायर गर्नुको अतिरिक्त विलम्ब गरी रिट निवेदन दायर गर्नुपर्ने आधार कारणसमेत निवेदनमा खुलाउन नसकी अत्यन्त विलम्ब (Inordinant delay) गरी दायर गरेको रिट निवेदन कायम हुन नसक्ने देखिएको छ । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गगनदेव महतो

इति संवत् २०७१ साल असोज २४ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६६-CI-०३६८, बकसपत्र बदर अपुताली नामसारी, *शोभा खड्का वि. श्रीकृष्ण खड्का*

प्रत्यर्थी प्रतिवादी शोभा खड्का कान्छी मैयाँको गर्भबाट जन्मेको (Full blood) छोरी रहेको र पुनरावेदक वादी श्रीकृष्ण खड्का सौतेनी छोरा (half blood) रहेको तथ्यमा कुनै विवाद रहेको देखिन नआएकोले उपरोक्तबमोजिमको अपुतालीको महलको २ नं. को व्यवस्था एवम् प्रतिपादित सिद्धान्तसमेतको आधारमा कान्छीमैयाँको अपुताली सौतेनी छोराको रूपमा रहेको पुनरावेदक वादी श्रीकृष्ण खड्काले पाउने नभई एकाउदरकी छोरीको हैसियतले प्रत्यार्थी शोभा खड्काले नै पाउने देखिन आउने ।

कान्छीमैयाँ खड्काले निजको एकलौटी हक लाग्ने विवादका जग्गाहरू एकाउदरकी छोरी प्रतिवादी शोभा खड्कालाई हालैदेखिको बकसपत्र गरिदिएकोमा निजको मिति २०६०।४।१३ मा निधन भइसकेको र उल्लिखित अपुतालीको महलको २ नं. को व्यवस्था एवम् प्रतिपादित सिद्धान्तसमेतको आधारमा निजको अपुताली प्रतिवादी शोभा खड्काले पाउने देखिन आएकोले वादी दावीबमोजिम विवादको लिखतको स्थिति जेसुकै भए पनि अन्तत: कान्छीमैयाँ खड्काको अपुताली हक खाने यिनै प्रतिवादी शोभा खड्का नै रहेको देखिन आएकोले वादी दावीबमोजिम उक्त मिति २०५९।६।७ को लिखत बदर गर्नुको कुनै औचित्य रहेभएको देखिन नआएकोले उक्त लिखत बदर गरिरहनु नपर्ने ।

अपुतालीको महलको २ नं. को व्यवस्था, प्रतिपादित सिद्धान्त एवम् विवेचनासमेतको आधारमा कान्छीमैयाँ खड्काको अपुताली हक खाने एकमात्र हकदार यिनै प्रतिवादी शोभा खड्का भएको पुष्टि हुन आएकोले वादी दावीको कि.नं. २९६ र ७४८ जग्गालाई २ भाग लगाई सो २ भागमध्येको १ भागलाई पुन: ३ भाग लगाई सो ३ भागको एक भाग अर्थात् विवादको सम्पूर्ण जग्गाको ६ भागको १ भाग जग्गाको हकमा उक्त मिति २०५९।६।७ को हालैको बकसपत्रको लिखत बदर गरेको सुरू ललितपुर जिल्ला अदालतको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६३।११।६ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दावी पुग्न नसक्ने।

इजलास अधिकृत: रमेश रिजाल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल कात्तिक १६ गते रोज १ शुभम्।

- यसै प्रकृतिको ०६६-CI-०३६७, शेषपछिको बकसपत्र बदर, *शोभा खड्कासमेत वि. श्रीकृष्ण खड्का* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-WO-०६११, उत्प्रेषण/परमादेश, *भुवनराज्यलक्ष्मी सिंह वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, धनगढी, कैलालीसमेत*

निवेदिकाको आमाका नाउँमा दर्ता स्रेस्ता कायम रहेको कि.नं. ५०२ को जग्गा विपक्षीमध्येका मालपोत कार्यालय, कैलालीले नै सम्पूर्ण प्रक्रियाहरू पूरा गरी मिति २०७०।३।११ मा निज निवेदिकाको नाममा नामसारी गरिदिएको देखिँदा उक्त जग्गा निजको नै रहेछ भन्ने कुरामा विवाद रहेन । यसको अलावा निजले सो जग्गा आमाका नामबाट नामसारी गरिलिएको देखिन्छ । यसरी निजका बाबुको मृत्यु मिति २०४०।५।१६ र आमाको मृत्यु मिति २०५८।१०।२८ मा भएको भन्ने देखिएबाट उक्त कि.नं. ५०२ को जग्गाको दर्तास्रेस्ता निजका पुर्खाहरूका पालादेखि नै कायम भैरहेको भन्ने कुरा अकाट्य खम्बिर प्रमाणबाट नै पुष्टि भएको देखियो। यसरी अकाट्य प्रमाणबाटसमेत निज रिट निवेदिकाको पूर्वजहरूदेखिको एकलौटी हकभोगको, दर्ता स्रेस्ता कायम रहेको, नियमित तिरोभरो गरेको जग्गा देखिँदादेखिँदै पनि धनगढी नगरपालिका कार्यालयको मिति २०७०।१०।१४ च.नं. ६०६६ को घरबाटो प्रमाणितसम्बन्धी पत्रानुसार उक्त जग्गा जिल्ला प्रशासन कार्यालय, कैलालीको कार्यालय पर्खालभित्र रहेको र उक्त कार्यालयकै भोगचलनमा रहेको भन्ने आधारमा भोगचलनमा विवाद देखिँदा उक्त लिखत विवाद नमिलेसम्म पारित गर्न नसकिने भनी मालपोत कार्यालय, कैलालीबाट दरपीठ गरिदिएको देखिने।

एकाको नाममा निर्विवादरूपमा पुर्खाका पालादेखि हकभोग दर्तास्रेस्ता कायम रहेको जग्गा अरूको भोगमा रहे नरहेको भन्ने आधार देखाई निज जग्गाधनीलाई संविधानप्रदत्त आफ्नो सम्पत्ति उपभोगबाट बञ्चित गर्न मिल्ने नदेखिने ।

अरूको भोगमा रहे नरहेको भन्ने सम्बन्धमा विवादको उठान भएमा सक्षम अदालतबाट सोही अवस्थामा विवादको टुङ्गो लाग्ने।

यसप्रकार यी विपक्षीहरूमध्येका

धनगढी नगरपालिका कार्यालयको सिफारिसको अधारमा मालपोत कार्यालय, कैलालीले मिति २०७०।१०।१५ मा निज निवेदिकाको जग्गा बेचबिखन गर्न रोक लगाई गरेको दरपीठ आदेशले निजको संवैधानिक तथा कानूनी हकमा आघात परेको देखिँदा उल्लिखित मालपोत कार्यालय, कैलालीको मिति २०७०।१०।१५ को दरपीठ आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिइएको छ । साथै निज निवेदिकाको उल्लिखित जग्गा बेचबिखन वा हक हस्तान्तरण गर्न आएमा सो लिखत कानूनको रीत पुर्‍याई नियमानुसार गरी पारित गरिदिनु भनी विपक्षीमध्येका मालपोत कार्यालय, कैलालीको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत**:** हेमबहादुर सेन

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७१ साल कात्तिक १ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-१०१५, कुटपीट लुटपीट, *भोला खोयाङको हकमा र आफ्नो हकमा समेत जसरानी लिम्बु खोयाङ वि. डम्बरबहादुर सोम्बाहाम्फेसमेत*

वादीको साक्षीले प्रतिवादीहरूले नगद र जिन्सी सामान लुटी लगेको सुनेको आधारमा मात्र प्रतिवादीहरूलाई लुटपीटतर्फ सजाय गर्नु न्यायसङ्गत् देखिँदैन । प्रतिवादीउपर लगाइएको आरोपलाई प्रतिवादीले इन्कार गरी प्रतिउत्तर दिएको अवस्था एवम् शङ्कारहित तवरले पुष्टि हुने प्रमाण वादीले पेस गर्न नसकेकोसमेतको अवस्थालाई दृष्टिगत गर्दा लुटपीटतर्फको बिगो रू. ३६,०००।– बराबरको नोक्सान पारेको हुँदा प्रतिवादीहरूलाई बिगोबमोजिमको रकम प्रतिवादीहरूबाट दिलाई भराई पाउँ भन्ने वादी दावी पुग्न सक्ने देखिन आएन । अत: माथि उल्लिखित आधार एवम् कारणहरूसमेतबाट लुटपीटतर्फ वादी दावी नपुग्ने ठहरी सुरू झापा जिल्ला अदालतले गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६७।६।५ गतेको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत**:** गेहेन्द्रराज पन्त

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७१ साल भदौ ६ गते रोज २ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री दीपकराज जोशी,** ०६६-CI-०८१४, जग्गा खिचोला, *बीरबहादुर खत्री वि. प्रमोदराज पन्तसमेत*

वादीका दाता मोतीमान ताम्राकारले पुनरावेदक प्रतिवादीका दाता कृष्णबहादुर खत्री समेत विरूद्ध यही कि.नं. ६५ को जग्गाभित्र कि.नं. ३३ र ८३ मा घुसाई भनी २०४५ सालको दे.नं. ६०३ को जग्गा खिचोला मुद्दा दिएको र सो मुद्दा चली खारेजी फैसला भएको तथ्यमा विवाद रहेको देखिएन । उक्त मुद्दाका वादी प्रतिवादीहरू र प्रस्तुत मुद्दाका वादी प्रतिवादीहरूका नाम फरक छन् । मुलुकी ऐन, अ.वं. ८५ नं. मा "उसै झगडियाका नामको" भनी उल्लेख भएकोले उक्त वाक्यांशले के बुझिन्छ भनी विचार गर्नुपर्ने भयो । जग्गाको हक हस्तान्तरण हुँदा दाताको जे जति जग्गामा हक र सो जग्गाको नाताबाट हुने दायित्व रहन्छ सो सबै

जस्ताको त्यस्तै जग्गा प्राप्त गर्नेमा सरेको हुन्छ। जग्गा विषयको मुद्दामा मुद्दा चल्दाको अवस्थामा कुनै एक पक्षको हक उक्त जग्गामा हुन सक्छ। तर जग्गाको स्वामित्व नामसारी, राजीनामा, बकसपत्र, बन्डापत्रलगायतका कानूनी प्रक्रियाबाट अरूमा सर्न पनि सक्छ। यसरी स्वामित्व सरेको कारणले मात्र दाताको हक र दायित्व प्राप्त गर्नेमा सर्दैन भन्न मिल्दैन। दाता र प्रापकलाई फरक दृष्टिबाट उसै झगडिया भएन भनी अर्थ गर्न मिल्ने देखिन आएन। फरक हुन् भन्ने अर्थ गर्दा मुद्दाको अन्त्य कहिले नहुने, अदालत अनावश्यकरूपमा एउटै मुद्दामा अल्झिरहनु पर्ने, पक्षलाई आर्थिक बोझ पर्ने र न्याय प्राप्तिको अनुभूति नहुने स्थिति पर्न सक्छ। त्यसैले स्वामित्व सरेको कारणलेमात्र अघिको मुद्दाबाट सबुद प्रमाण बुझी जग्गा यसको वा उसको भनी एउटा निर्क्यौलमा अदालत पुगी कानूनबमोजिम गरेको फैसलालाई फगतमा नाम परिवर्तन भएकै कारणले मात्र अ.बं. ८५ नं. लाग्दैन भन्न नमिल्ने।

२०४५ सालको दे.नं. ६०३ को मुद्दा प्राविधिकरूपमा हदम्यादका आधारमा खारेज हुने ठहरी मिति २०४६।१।१८ मा फैसला भएको देखिन्छ। उक्त मुद्दामा भएको नक्सा मुचुल्का र सर्भे नक्सासमेतमा संशोधन वा काँटछाँट गर्ने अदालतले आदेश वा फैसला दिएको देखिँदैन। जग्गा खिचोला मुद्दामा विवादित जग्गा प्रतिवादीले खिचोला गरेको हो, होइन सो सम्बन्धमा अदालतले सम्वद्ध सबुद प्रमाण बुझी त्यसको मूल्याङ्कन गरी न्यायिक विवेचनामा समेत निर्णय गर्दछ। तर जग्गा खिचोला मुद्दामा हदम्यादको प्राविधिक आधारमा फिराद दावी खारेज भएको विवादित जग्गा वादीको हो वा प्रतिवादीको हो भनी हक छुट्याई फैसला भएको देखिँदैन। नक्सा सर्भे नक्सा यथावत नै रहेको स्थिति छ। प्राविधिक कारणबाट नालिस खारेज भएको स्थितिले जग्गाको दर्ता कित्ता नम्बरको स्वरूप र त्यसको क्षेत्रफलमा कुनै असर पार्दैन। न त वादी दावी खारेजी फैसलाले प्रतिवादीले जग्गाको दर्ता, कित्ता नम्बरको स्वरूप र कुनै क्षेत्रफलमा फैसलाले स्पष्ट भनेमा बाहेक हक नै प्राप्त गर्न सक्छ। तसर्थ उक्त पूर्व मुद्दाबाट कि.नं. ६५ को जग्गामा प्रतिवादीको हक सिर्जना भएको भनी मान्न नमिल्ने।

मुलुकी ऐन अ.बं. ८५ नं. मा "मुद्दा परी फैसला भएपछि" भन्ने वाक्याँशअनुरूप यहाँ पहिले मुद्दा परेको देखिन्छ। तर, सबुद प्रमाण बुझी फैसला भएको नभई वादी दावी खारेज भएको देखियो। उक्त वाक्यांशको प्रयोजनार्थ फैसला भन्नाले सबुद प्रमाण बुझी एउटा निश्चित नतिजा वादी वा प्रतिवादी को कसको हो भन्ने निष्कर्षमा पुगेको हुनुपर्दछ। दावीको विवादित जग्गा वादी वा प्रतिवादीको कसको हकको हो भन्ने सम्बन्धमा सम्बद्ध सबुद प्रमाण बुझी सो को मूल्याङ्कन गरी हक बेहकका सम्बन्धमा निर्णय गर्नु पर्दछ। तर उक्त मुद्दामा भएको खारेजी फैसलाले दावीको विवादित जग्गामा वादीको सम्पूर्ण हक समाप्त भएको देखिँदैन। जग्गाबाट हक समाप्त नभएसम्म त्यस जग्गाको विषयमा नालिस गर्ने हकदैया दर्तावालाको रहिरहन्छ। खिचोला मितिबाट हदम्यादको गणना हुने हुँदा नालिस गर्दा हदम्याद गुज्रेको पनि हुन सक्छ। यसरी हदम्याद गुज्रिएको कारणबाट मुद्दा खारेज भएमा त्यही खिचोला भएको मिति र तथ्यको आधारमा अर्को मुद्दा गर्न भने अ.बं. ८५ नं. ले मिल्ने भने

हुँदैन । तर पछिपछि अरू मितिहरूमा अर्को खिचोलाको वारदात नै हुँदैन भन्न मिल्दैन । तथापि, प्रस्तुत विवादमा आफ्नो दर्ताको जग्गामा प्रतिवादीले घर बनाई खिचोला गरेको भन्ने तथ्य छ । जग्गाको दर्ता तिरो आफ्नो हुने तर पहिले जग्गा खिचोलाको मुद्दा हदम्यादको कारणले खारेज भएकोले मात्र नालिस गर्न नै नपाउने अर्थ न्याय र कानूनको रोहमा पनि मिल्ने देखिँदैन । पहिलेको खिचोला मुद्दाको प्रकृति र मुद्दा गर्नुपर्ने तथ्य वा खिचोला वारदात मिति अर्कै भएको र प्रस्तुत मुद्दाको घर बनाएको तथ्यबाट फरक खिचोलाको प्रकृति र खिचोला वारदात वा मुद्दा गर्नुपर्ने कारणको मिति र तथ्य फरक भएको र फरक मितिमा घटित फरक तथ्यको विवादको विषय वस्तु रहेको देखिँदा प्रस्तुत मुद्दामा मुलुकी ऐन, अ.बं. ८५ नं. आकर्षित नहुने ।

सर्भे नक्सासँग भिडाई अदालतबाट नाप नक्सा भई आएको विवादको न.नं. ५ र ७ कि.नं. ६५ भित्र परेको देखिएको, उक्त न.नं. ५ र ७ का जग्गाहरू कि.नं.६५ मा पर्दैन भनी प्रतिवादीले अन्यथा जिकिर लिन पनि सकेको देखिँदैन । कि.नं. ६५ वादीको जग्गा हो भन्ने तथ्यमा विवाद पनि छैन । सर्भे नापी हुँदा नै कि.नं. ६५ मा जे जस्तो कित्ता र क्षेत्रफल कायम भएको हो सोमा तत्काल नालिस परी अन्यथा भएको पनि देखिँदैन । यस्तो अवस्थामा सर्भे नापी हुँदा कायम भइसकेको निर्विवाद कित्ता नम्बरमा अब आई फेरबदल हुन सक्ने अवस्था पनि छैन । यसप्रकार न.नं. ५ र ७ को वादीको कि.नं. ६५ भित्रको जग्गामा प्रतिवादीले कि.नं.३३ को आधारबाट घर टहरा बनाई बसोबास गरेको नक्सा मुचुल्काबाट देखिँदा उक्त न.नं. ५ र ७ को वादीको जग्गामा प्रतिवादीले घर टहरा बनाई खिचोला गरेको देखिने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

इति संवत् २०७१ साल कात्तिक १० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६७-CR-०७६६, कर्तव्य ज्यान, *शिवबहादुर सार्की वि. नेपाल सरकार*

प्रमाण ऐन, २०३१ को दफा २५ र २६ ले फौजदारी कसुर प्रमाणित गर्ने भार वादीमा रहने हुन्छ । वादी नेपाल सरकारले आफूले लगाएको आरोप पुष्टि गर्नुपर्ने प्रमाणको भार सिद्धान्तत: उसैमाथि रहन्छ । तर प्रतिवादीले आत्मरक्षाको लागि आफूले गरेको कार्यबाट जुलुमीको ज्यान गएको हो भनी जिकिर लिएको अवस्थामा त्यो कुराको पुष्टि गर्ने भार भने त्यस्तो जिकिर लिने प्रतिवादीउपर नै रहन्छ । आत्मरक्षार्थ गरिएको कार्यबाट घातकको ज्यान गएको हो भनी आत्मरक्षाको जिकिर लिनेले पाँच तथ्य प्रमाणित गर्नसक्नुपर्ने हुन्छ । (१) आफ्नो ज्यान जुलुमीले लिन थालेको (२) समात्न, रोक्न नसकिने (३) गुहार मद्दत आउन नसक्ने (४) आफू भाग्न उम्किन पनि नसकिने (५) आफूले त्यो कार्य नगरेको भए आफ्नो ज्यान नरहने विश्वासबाट ज्यान बचाउनको खातिर त्यसो गरेको भन्ने तथ्यको पनि जिकिर लिई सो पुष्टि हुने प्रमाणहरू प्रतिवादीले नै देखाउन सक्नुपर्ने ।

आत्मरक्षाको वारदात हुन यी तथ्यहरूको रोहमा प्रस्तुत मुद्दाको वारदातलाई हेर्दा घटना प्रतिवादी एक्लै बस्ने घरमा भएको, मृतकको घर नजिकै अन्य घर छरछिमेक रहेको, मृतकका साथमा सहयोग गर्ने अन्य व्यक्ति कोही

नभएको स्थितिमा आफ्नै काका वृद्ध व्यक्तिले पुनरावेदकमाथि आक्रमण गर्दा प्रतिवादीले मृतकलाई पक्रन नसक्ने स्थिति रहेको देखिँदैन। घटनास्थलबाट निज ज्यान बचाउन भाग्न उम्कन नसक्ने भन्ने पनि घटना हुँदाको अवस्थाबाट देखिन आउँदैन । यी पुनरावेदकले नजिकका छिमेकीहरूलाई बोलाउने र हार गुहार माग्ने प्रयास गरेको पनि देखिँदैन । यस्तो घटना परिस्थितिमा शारीरिकरूपमा तन्दुरूस्त वयस्क व्यक्ति यी प्रतिवादीले बलपूर्वक हात मुक्काले वृद्धको संवेदशील अङ्गहरू निधार, टाउको, छाती र मुखमा प्रहार गर्दा मृतक जकते सार्कीको मृत्यु भएको पुष्टि भएको पाइँदा आत्मरक्षाका खातिर प्रत्याक्रमण गर्दा मृत्यु भएको भन्ने पुनरावेदक प्रतिवादीको जिकिर कानूनी र न्यायोचित नदेखिने।

प्रतिवादीले भवितव्यको वारदात भएको भनी जिकिर लिएको पनि देखिन्छ । भवितव्यसम्बन्धी कानूनी व्यवस्था मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ र ६ नं. मा भएको देखिन्छ । ज्यानसम्बन्धीको महलको ५ नं. अनुसार भवितव्यको वारदात हुन ज्यान मार्नुपर्ने इविलाग वा मनसाय नहुनुको अतिरिक्त त्यो गरिएको कार्यबाट केही भई ज्यान मरेको स्थिति देखिनुपर्छ । यहाँ वारदात कुटपीटको छ। प्रतिवादी वयस्क भएको, मृतक बूढो भएको र मृतकको पेट, छाती, टाउको जस्तो संवेदनशील अङ्गमा चोट परेको देखिन्छ । एक वयस्क व्यक्तिले बुढो व्यक्तिलाई पटकपटकको प्रहार र संवेदनशील अङ्गमा गरेको चोटबाट मानिस मर्न पनि सक्छ भनी सहज अनुमान गर्न सकिने कुरा हो। यस्तो अवस्थामा भवितव्यको वारदात भयो भन्न मिल्ने अवस्था नहुँदा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले आफ्नो काका मृतकलाई मार्नुपर्नेसम्मको रिसइवि रहेको देखिँदैन । केही कुरामा काकाको चित्त नबुझेकोमा काकाले कुटेकोमा त्यो रिसको झोकमा प्रतिवादीले पनि हात मुक्काले कुटपीट गर्दा मृतकको ज्यान गएको देखिँदा यो वारदात ज्यानसम्बन्धीको महलको १४ नं. अनुरूपको वा १३(३) नं. अनुरूपको कसुर हुने भन्ने प्रश्न उठ्नसक्ने हुन्छ । तर पुनरावेदन अदालतबाट ज्यानसम्बन्धीको महलको १४ नं. को कसुर ठहर गरी १० वर्ष कैद गरेकोमा नेपाल सरकारको पुनरावेदन पत्र नपरेको यस अवस्थामा प्रतिवादीकै पुनरावेदनबाट प्रतिवादीलाई ठूलो कसुर कायम गर्न र सजाय गर्न मिल्ने देखिन आएन। तसर्थ रिसको झोकमा काकालाई हात मुक्काले हानी कुटपीट गरेको पछि काका मरी गएकोले प्रस्तुत मुद्दाको वारदात आवेसप्रेरित हत्याबाट भएको र ज्यानसम्बन्धीको महलको १४ नं. अनुरूप कैद वर्ष १० हुने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल असोज २२ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CI-१२४५, घरभाडा दिलाई घरखाली गराइपाउँ, *मु.स. गर्ने प्रमेश श्रेष्ठ वि. अशोक श्रेष्ठसमेत*

अदालतको आदेशानुसार मिति २०६२।५।५ मा भई आएको नक्सा हेर्दा न. नं. ३ र ४ प्रतिवादी सन्तोष श्रेष्ठको भोगमा रहेको कि. नं. २९५ भएको

र न. नं. ४ मा काठको खामा खुट्टा टिनको छानो दक्षिण मुखको घर भएको देखिन्छ । उक्त न. नं. ३ र ४ को जग्गा र भोगमा कुनै विवाद रहेको देखिन आएन । न. नं. ६ र ७ को कि. नं. ३१४ मा मुख्य विवाद रहेको देखिन्छ । प्रतिवादी त्यहाँ बसेकोमा कुनै विवाद देखिँदैन केवल उक्त घरमा भाडामा बसेको हो वा आफ्नै घरमा बसेको हो भन्ने सम्ममा विवाद रहेको देखियो । प्रतिवादीहरूको प्रतिउत्तर लेख तथा नक्सा मुचुल्काको व्यहोराबाट उक्त घरमा प्रतिवादीहरूको भोग रहेको देखिएको छ । उक्त जग्गामा घर २०३२ सालमा नै निर्माण भएको हो भन्ने विषयमा दुबै पक्षको मुख मिलेकै देखिन्छ । बिजुली जडान गरेको कार्ड र महसुल तिरेको रसिद तथा खानेपानीको महसुल पनि अशोक श्रेष्ठका नामबाट भुक्तानी भएको मिसिलबाट देखिन्छ । त्यसरी घरकर तिरेको रसिद र खानेपानीको महसुल तिरेको रसिद त्यही घरको हो भनी प्रतिवादीको भनाई भएकोमा ती प्रमाणहरू विवादित घरको होइन भनी वादी पुनरावेदकले भन्न र देखाउन सकेको पाइएन । प्रतिवादीहरूले घर बनाउँदा आफ्नो जग्गा मिची घर बनाएको भए प्रतिवादीका पिताले नै विवादित घरबाट उठाई आफ्नो कायम गराउन सक्नुपर्नेमा विपक्षीको पिताको जीवनकालमा उक्त घरमा विवाद उठेको पनि देखिंदैन । पिताको र पिताको मृत्युपछि आफ्नो नाममा नामसारी भएबाट आफ्नो हक हुन आएको र तत्पश्चात् मात्र प्रतिवादीहरूलाई धेरै वर्षदेखि भाडामा बस्न दिएको र भाडा नदिएकोले उक्त घरबाट उठाइ पाउँ भनी लिएको वादीको कथनलाई विश्वसनीय मान्न सकिएन । माथि उल्लिखित अवस्थासमेतलाई मध्यनजर गर्दा उक्त घर प्रतिवादीकी आमाले बनाएको र उक्त घरमा प्रतिवादीहरूकै भोग रहेको भन्ने कुरा प्रमाणित हुन आउने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल असार २३ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०२७२, दर्ता बदर सार्वजनिक कायम, *रामवृक्ष साह तेली वि. रामदेव राउत कुर्मी*

सुरू पर्सा जिल्ला अदालतबाट भई आएको मिति २०६४।११।३० को नाप नक्सा मुचुल्का हेर्दा न.नं. २ र ३ मा वादीसमेतको कि.नं. ५५ को जग्गा त्यसैगरी न.नं. ३ मा वादी रामदेवको घर बसोबास जनिएको र सोदेखि पूर्व न.नं. ४ को विवादित कि.नं. ५६ को खाली जग्गा जनिएको देखिन्छ भने उक्त जग्गामा पानी खाने चापाकल-१ समेत रहेको देखिन्छ । सो विवादित कि.नं. ५६ को जग्गासँग न.नं. ७ को सडक बाटो (हाल नापीको कि.नं.१) उल्लेख भएको देखिन्छ । नक्सा प्रकृतिबाट कि.नं. ५६ को जग्गा बाहेक वादीको घर बसोबासको लागि सडक बाटोमा पुग्ने अर्को रोख निकास रहे भएको पनि देखिदैन । २०२२ सालको सर्भे नापीको समयमा पनि उक्त जग्गा बाटो नै जनिई सर्भे नापी भएको विषयलाई अन्यथा भन्न सकिने पनि देखिँदैन । २०५६ सालमा पनि १ नं. नापी गोश्वाराबाट २०५९।२।१३ मा जग्गावाला कोही नदेखाई कसैको नाउँमा दर्ता नभई जग्गा धनीको महल खाली राखेको र उक्त विवादित कि.नं.५६ को जग्गा प्रतिवादी रामवृक्ष साह तेलीको नाउँमा नभिडेको अवस्था र परिस्थितिमा जग्गा नापजाँच

ऐन, २०१९ को दफा ६-५ अनुसार हाल साविक दर्ता गरिपाउँ भनी दिएको निवेदनमा कि.नं. ५६ को जग्गा ऐलानी रोख निकासको सार्वजनिक बाटोको जग्गा भएको तथ्यगतरूपमा स्थापित हुन आएको अवस्थामा पनि मिति २०६०।१।२४ मा मालपोत कार्यालय, पर्साबाट प्रतिवादीका नाउँमा कि.नं. ५६ को जग्गा दर्ता गर्ने गरी भएको टिप्पणी आदेश पर्चा बदर हुने ठहर्‍याएको मिति २०६६।११।२० को पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल असार २३ गते रोज २ शुभम्।

## इजलास नं. ५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-१०९४, जबर्जस्ती करणी, *देवनारायण ढुङ्गाना वि. नेपाल सरकार*

जबर्जस्ती करणी जस्तो अपराधमा कसुरदारले अवसर छोपेर अपराध घटाउने भएकाले प्रत्यक्ष देख्ने साक्षी प्रमाणको सर्वथा अभाव हुनु स्वाभाविक हुनजाने।

प्रस्तुत वारदातमा बेलुकाको खाना खाई पीडितकी आमा जाहेरवाली आफ्नी छोरीलाई तल कोठामा सुताई छतमा गई बसेको अवस्था छ। सोही अवसरको सदुपयोग गर्दै प्रतिवादीले उक्त वारदात घटाएको अवस्था देखिन्छ। जहाँसम्म प्रतिवादीले पीडितलाई सिकाई बनावटी बकपत्र गरेकी हुन् भन्ने जिकिरका सम्बन्धमा विचार गर्दा यी पीडितको उमेर जम्मा ७ वर्षको देखिन्छ। बनावटी कुरा गर्न नजान्ने उमेरकी यी नाबालिकाले आफ्नो आमाले सिकाएकै भरमा प्रतिवादीलाई आरोपित गर्दै अदालतमा बनावटी बकपत्र गरिन् होला भनी अनुमान गर्नु पनि तर्कसङ्गत् नदेखिने।

किटानी जाहेरी, पीडितको मौकाको कागज र अदालतमा भएको बकपत्र, पीडित नाबालिकाको स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादी देवनारायणको मौकाको बयानलगायतका प्रमाणहरूलाई वस्तुपरक प्रमाणको रूपमा लिन सकिने।

प्रतिवादी देवनारायण ढुङ्गानालाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १ र ३(१) नं. बमोजिम १२ वर्ष कैद सजाय हुने र पीडितले प्रतिवादीबाट रू. १०,०००।- क्षतिपूर्ति भराई लिन पाउने ठहर गरेको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६६।९।२९ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।७।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल कात्तिक १० गते रोज २ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०६६-WO-१३२२, उत्प्रेषण, *विनय माझी वि. गृह मन्त्रालयसमेत*

कसैको हक अधिकारमा आघात पुग्ने निर्णय गर्नुभन्दा अगाडि सो व्यक्तिलाई सुनुवाइको समुचित र पर्याप्त अवसर प्रदान गर्नुपर्ने भन्ने

प्राकृतिक न्यायको सिद्धान्त हो । सुनुवाइको समुचित मौका प्राप्त हुन नसकेको स्थितिमा भएको निर्णयले न्यायिक प्रक्रियामा कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।

निवेदकले आफू विरूद्ध हुन लागेको कारवाही सम्बन्धमा जानकारी प्राप्त गरे पनि अनुपस्थित रहेकोले सफाइको मौका नदिएको भन्ने जिकिरको पुष्ट्याइँ ठोसरूपबाट भए गरेको नपाइएकोले निजलाई भविष्यमा सरकारी सेवाको निमित्त सामान्यत: अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने भनी मिति २०६६।१२।१८ मा सशस्त्र प्रहरी बल छिन्नमस्ता गण बर्दीबासका गणपतिबाट भएको निर्णय र मिति २०६७।२।२५ को मानव स्रोत विकास विभाग स.प्र. बल प्र.का. दरबन्दी भै तत्काल म.क्षे.स.प्र. बल मुख्यालय, रूद्रबाहिनीमा कार्यरत् सशस्त्र प्रहरी महानिरीक्षक ऋषभदेव भट्टराईबाट भएको सदर निर्णयसमेत उत्प्रेषणको आदेशबाट बदर भै निवेदकलाई पूर्ववत् भत्ता सुविधासमेत प्रदान गर्नु गराउनु भनी विपक्षीको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल असोज २८ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री ओमप्रकाश मिश्र,** २०६६-WO-००९१, उत्प्रेषण, *रामप्रसाद चौधरी वि. नेपाल बैङ्क लिमिटेड प्रधान कार्यालय, धर्मपथ काठमाडौंसमेत*

विनियमबमोजिम पुनरावेदन दर्ता गर्दा दाखिला गर्नुपर्ने निर्णयको नक्कल यी विपक्षीहरूले नदिएकै कारण निवेदकले आफू विरूद्ध भएको निर्णयउपर पुनरावेदन गर्न नपाएको अवस्था देखिएको तथा यस्तै सन्दर्भमा छली लमिनी वि. अष्टबहादुर तामाङसमेत भएको (*नेकाप* २०६१, नि.नं. ७३४५, पृ. २९१) मुद्दामा जबसम्म सम्बन्धित पक्षले नक्कल पाउँ भनी दिएको निवेदन मुताबिक कार्यालयले कानूनको रीत पुर्‍याई सम्बन्धित पक्षलाई नक्कल दिँदैन तबसम्म विधिवत्‌रूपले सो विषयमा जानकारी पाएको भन्न नमिल्ने भन्ने सिद्धान्त कायम भएको अवस्था देखिएको र मिति २०६५।६।१९ मा विपक्षीहरूबाट निर्णयको नक्कल लिई सो मितिले कानूनको म्यादभित्रै पुनरावेदन गरेको देखिएकोले यी निवेदकले निर्णयको सूचना पाएको अर्थात् २०६२।७।२२ गतेको मितिले २१ दिनभित्र पुनरावेदन नगरेको कारण म्याद नाघी पुनरावेदन परेको भन्ने आधारमा पुनरावेदनपत्र खारेज गर्ने गरी भएको मिति २०६५।१२।११ को व्यवस्थापन समितिको निर्णय त्रुटिपूर्ण देखिएको हुँदा उक्त निर्णय बदर गरिदिएको छ । अब पुन: निवेदकको पुनरावेदनपत्रको तथ्यमा प्रवेश गरी प्रमाणको मूल्याङ्कन गरी आवश्यक निर्णय गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल असोज २८ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री ओमप्रकाश मिश्र,** २०६६-CR-०९७५, उत्प्रेषण, *प्रभात श्रेष्ठ वि. गृह मन्त्रालयसमेत*

प्रहरी नियमावली, २०४९ को परिच्छेद ४ को नियम २३(ख) बमोजिम सम्भावित उम्मेद्वारहरूको बढुवाको सम्बन्धमा सिफारिस गर्न समिति गठन हुने कानूनी व्यवस्था रहेको

देखिएको र सोही नियमबमोजिम गठित समितिको मिति २०६६।१२।१ को सिफारिसबमोजिम उक्त बढुवाको निर्णय भएको देखिँदा गठित बढुवा समितिले बढुवा सिफारिस गर्दा सम्भावित उम्मेद्‌वारहरूको नाम सम्भाव्यता राखी प्राविधिक प्रहरी निरीक्षक (सञ्चार) को प्राप्ताङ्कअनुसारको मूल्याङ्कनको फाराम तयार गरी यी निवेदकलगायत बढुवा भएका यी विपक्षीहरूले समेत विभिन्न शीर्षकमा प्राप्त गरेका अङ्कहरूको सूची तयार गरेको र प्राप्ताङ्कको कुल योग गर्दा बढुवा भएका उम्मेद्‌वारहरू कृष्णबहादुर धिताल, अंशुकुमार सिंह र गोपालबहादुर रेग्मीले क्रमश: २७६.४३, २७४.०० र २७१.४६ अङ्क प्राप्त गरेको देखिएको छ भने यी निवेदकले प्राप्त गरेको कूल प्राप्ताङ्क २७६.४३ रहेको देखिन्छ । यसरी समितिले मूल्याङ्कन गरी सिफारिस गर्दा कुल प्राप्ताङ्क बढी पाउने ३ जनाको नाम नै सिफारिस गरेको देखिएको र सोही सिफारिसबमोजिम मिति २०६६।१२।५ मा बढुवा निर्णय भएको देखिएको हुँदा निवेदकले बढुवा हुन पाउनुपर्ने अवस्था उक्त प्राप्ताङ्कको गणनाबाट समेत देखिन नआउने।

उम्मेद्‌वारहरूलाई दिइएको अङ्कका सम्बन्धमा निवेदकले आफूले यो यस्तो कारणले विपक्षीहरू भन्दा बढी अङ्क पाएको तथा सो कारणले बढुवा हुनुपर्ने हो भनी भन्न सकेको अवस्थासमेत नदेखिएको । त्यसै गरी प्राविधिक प्रहरी कर्मचारी र सामान्य प्रहरी कर्मचारीको बढुवा पद्दति फरक भई यी निवेदक हालसम्म अप्राविधिक नै रहेको र निजले प्राथमिकता पाउनुपर्ने भन्ने कुनै पनि कानूनी आधारसमेत निवेदकले स्पष्टरूपमा देखाउन नसकेको स्थिति हुँदा नियमानुसार गठित बढुवा समितिले मूल्याङ्कन गरी गरेको सिफारिसको आधारमा भएको मिति २०६६।१२।५ को बढुवाको निर्णय कानूनबमोजिम नै रहेको देखिएकोले बदर गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल असोज २८ गते रोज ३ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-१३३१, कर्तव्य ज्यान, *सीता भन्ने लालहीरा कामी वि. नेपाल सरकार*

मृतकको मृत्यु टाउकोको चोटको कारणबाट भएको भन्ने कुरा शव परीक्षण प्रतिवेदनमा उल्लेख भएबाट मृतकको मृत्यु अत्याधिक रक्सी सेवनबाट भएको मान्न मिल्दैन । एकछिनलाई पहिलेदेखि नै मृतकले अत्याधिक रक्सी सेवन गरेकोले पुनरावेदिकासमेतको कुटपीट, अत्याधिक रक्सी सेवन र राम्रो उपचार नभएको समेतका समष्टि कारणबाट मृतकको मृत्यु भएको र कुटपीटमात्र कारण नरहेको भनी भएको हो भने पनि प्रस्तुत वारदातमा मृतकको मृत्यु रक्सी सेवनबाट मात्रै हुन नसक्ने भन्ने निष्कर्ष अन्यथा हुनसक्ने देखिँदैन । त्यसपछिको बाँकी दुई अवस्था पुनरावेदिकासमेतले सिर्जना गरेकीले त्यसको परिणामबाट निजले उन्मुक्ति पाउने अवस्था रहँदैन । साथै अत्याधिक रक्सी सेवन गरेका मृतकलाई त्यस किसिमले साङ्घातिक कुटपीट

गरेमा निजको ज्यान जाने प्रबल सम्भावना रहने कुरा सामान्य समझको मानिसले थाहा पाउने र बुझ्ने कुरा भएकोले सो आधारमा समेत उत्पन्न दुष्परिणामको जवाफदेही पुनरावेदिकाले व्यहोर्नुपर्ने देखिन्छ । यो कुरा पीडितको शारीरिक वा मानसिक रोग, अवस्था आदिको प्रतिवादीले हेक्का राख्नुपर्छ र त्यसलाई बेवास्ता गरी प्रतिवादीले कुनै काम कुरा गरेमा त्यसको जिम्मेवार प्रतिवादी हुने भन्ने सिद्धान्तबाट समर्थित हुन्छ । मृतकको खप्पर अन्डा जस्तो कमजोर छ । र त्यहाँ एक बक्सिङ हानेमा मृतकको मृत्यु हुन्छ भनी थाहा पाउने प्रतिवादीले मृतकलाई मार्नका लागि खुकुरीले काट्नुपर्ने वा बन्दुक ताक्नु पर्दैन । त्यहीँ कुरा प्रस्तुत वारदातको हकमा भन्न सकिन्छ । यद्यपि मृतकको मृत्यु रक्सी सेवनबाट भएको नभै दुबै प्रतिवादीको संयुक्त कुटाइको प्रभाव Cumulative effect बाट भएको कुरा शव परीक्षण प्रतिवेदनबाट प्रमाणित भएको कुरा माथि उल्लेख भएकै हुँदा प्रतिवादी सीता भन्ने लालहीरा कामीलाई अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू रूकुम जिल्ला अदालतबाट मिति २०६७।१२।७ मा भएको फैसला बदर गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६८।८।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । माथि उल्लेख भएबमोजिम पुनरावेदिका प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ८ हुने ।

इजलास अधिकृत: रामप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल असोज २२ गते रोज ४ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६७-CI-०८९०, उपयुक्त आदेश पाउँ, *तेजकरण जैन वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

टहरा जग्गा खाली गरिदिने ३५ दिने अग्रिम सूचना निवेदकले पाएको कुरा स्वयम्ले स्वीकार गरेको अवस्था छ । निवेदकलाई जग्गा खाली गराउन दिएको ३५ दिने अग्रिम सूचना हामीबीच सम्पन्न भएको मिति २०६७।११।२ को सम्झौताको बुँदा नं. ६ बमोजिम दिएको हो भनी विपक्षी सिद्धीबहादुर श्रेष्ठले जिकिर लिएको देखिन्छ । सम्झौताको बुँदा नं. ६ मा कुनै पक्षले भाडाबाट छोड्नु छोडाउनु परेमा कम्तिमा ३५ दिनअगावै लिखित सूचना दिई सम्बन्धित अर्को पक्षलाई जानकारी दिनुपर्नेछ भनी सम्झौतामा लेखिएको हुँदा सिद्धीबहादुरले निवेदकलाई ३५ दिने अग्रिम सूचना दिई उक्त जग्गाबाट हटाउने कार्य दुबै पक्षहरूबीचमा सम्पन्न सम्झौताबमोजिम नै भएको देखिन आयो । यसको अतिरिक्त निवेदक र विपक्षीबीचमा जग्गा भाडामा लिनेदिने गरी मिति २०६४।११।२४ मा भएको अवधि मिति २०६४।१२।२४ गतेदेखि ६ वर्षको लागि मिति २०७०।१२।२३ सम्म लागू हुने भनी करारमा उल्लेख भएबाट सो तोकिएको समय अवधिसमेत समाप्त भएको अवस्था छ । तसर्थ, करारको समयावधि नै समाप्त भएको, भइसकेको र विपक्षीहरूबाट करारको प्रतिकूल हुने गरी कार्यसमेत भएको नदेखिएबाट

निवेदन दावी पुग्न नसक्ने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।८।१५ मा भएको आदेशलाई अन्यथा भन्न मिल्ने नदेखिँदा पुनरावेदन अदालत, पाटनबाट करारको शर्त नं. ६ मा उल्लिखित शर्तअनुसार विपक्षीबाट भए गरेको कार्य र निवेदक र विपक्षीबीचमा मिति २०६४।११।२ मा जग्गा भाडामा लिने दिने गरी भएको ६ वर्षे करारको समयावधिसमेत समाप्त भएकोले निवेदकको निवेदन माग दावीबमोजिमको आदेश जारी गर्नु नपर्ने भनी मिति २०६७।८।१५ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामानन्दप्रसाद अधिकारी

कम्प्युटर अधिकृत: गीता घिमिरे गिरी

इति संवत् २०७१ साल कात्तिक २ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६८-CI-००८३, फैसलाबमोजिम दा.खा. नामसारी, *रामकृष्ण चक्रधरसमेत वि. बद्रीमान चक्रधर*

सर्वोच्च अदालतसमेतबाट फैसला भैसकेपछि स्वामित्वसम्बन्धी विवादको अन्त्य भएको भनी सरोकारवाला सबैले मान्नुपर्ने हुन्छ। सम्बन्धित कार्यालयले पनि सोही अनुसार आफूकहाँ रहने स्रेस्ता मिलाई दुरूस्त राख्न पर्ने हुन्छ । तर अन्तिम फैसला भइसकेपछि पनि एक पक्ष कार्यान्वयनमा जाँदा अर्को पक्षले त्यसको विरोध गर्दैमा त्यसलाई पुन: स्वामित्वसम्बन्धी विवादको संज्ञा दिन मिल्दैन । तर स्वामित्वसम्बन्धी विवादको टुङ्गो लागिसकेपछि पनि पटकपटक सोही स्वामित्वको सम्बन्धमा विवाद उठाउन र मालपोत कार्यालयले अदालतको फैसला अनुसार स्रेस्ता मिलान र दाखिल खारेज नामसारीको कामसमेत गर्नुपर्नेमा सो नगरी हक कायम गराई ल्याउनु भनी पुन: मिति २०६६।१२।१९ मा गरेको निर्णय कानूनसम्मत् देखिन नआउने।

मालपोत कार्यालय, भक्तपुरबाट हकबेहकमा सुनाएको २०५४।३।२२ को निर्णय बदर गरी पुनरावेदन अदालत, पाटनबाट पुन: कारवाहीको लागि पठाएको फैसला यस अदालतबाट समेत सदर भएकोमा पुन: हकबेहक सम्बन्धमा निर्णय गराई ल्याउनु भनी मालपोत कार्यालय, भक्तपुरले मिति २०६६।१२।१९ मा गरेको निर्णय उल्लिखित आधार प्रमाणसमेतबाट त्रुटिपूर्ण देखिँदा सो निर्णय बदर गरी फैसलाबमोजिम जग्गा नामसारी गरिदिनुपर्नेमा गरिदिने र नमिल्ने भए आधार कारण खोली निर्णय गर्नु भनी उपस्थित पक्षलाई तारिख तोकी मिसिल मालपोत कार्यालय, भक्तपुरमा पठाइदिने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१०।५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: सूर्यप्रसाद रेग्मी

कम्प्युटर: गीता घिमिरे गिरी

इति संवत् २०७१ साल कात्तिक २ गते रोज १ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७१-AP-०००३, अदालतको अवहेलना, *यज्ञदेव भट्ट वि. प्रवीण मिश्रसमेत*

निवेदकले आफूले दिएको अन्तर्वार्ताको नतिजा प्रकाशन नगरेकोमा पटकपटक यस

अदालतमा निवेदन दिई आदेश भएको र मिति २०७०।९।९ मा तत्कालीन सचिवलाई सजायसमेत गरी आदेश भएको भन्नेसम्म उल्लेख गरेको तर सो मिति २०७०।९।९ को यस अदालतको आदेशपश्चात् आफू विपक्षी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव प्रवीण मिश्र तथा उपसचिव कोमल आचार्यसमक्ष यस मितिमा निवेदन लिई गएकोमा निजहरूले अदालतको आदेशको कार्यान्वयन गरी नदिएकोले भनी प्रस्तुत निवेदनमा कहीँ कतै उल्लेख गरेको देखिएन । मिति २०६७।१२।१७ को यस अदालतको आदेशबमोजिम नतिजा प्रकाशन गरी नदिएको भनी यिनै निवेदकले तत्कालीन सचिव डा. सुधा शर्माउपर अदालतको अवहेलना गरे भनी दिएको ०६८-MS-००१६ को निवेदनबमोजिम सचिव डा.सुधा शर्मालाई यस अदालतबाट मिति २०७०।९।९ मा जरिवानासमेत हुने ठहरी आदेश भैसकेकोले सोही विषयमा यी प्रत्यर्थीसमक्ष पनि कुनै निवेदन दिएको भनी प्रस्तुत निवेदनमा उल्लेख गर्न सकेको देखिँदैन । यस अदालतबाट भएको कुनै आदेश विपक्षीले पालन नगरेमा वा आदेश अवज्ञा गरेमा वा सो आदेशको प्रतिकूल कुनै कार्य गरेमा अवहेलनाजन्य कार्य मान्न सकिने हुन्छ । तर सो कुनै कार्य यी विपक्षीहरूले गरेको भन्ने निवेदनमा उल्लेख गरेको देखिन आउँदैन । पुरानो अवस्थाका यी प्रत्यर्थीहरूले अवहेलनाजन्य कुनै कार्य गरेको भन्ने निवेदनको पठनबाट देखिन नआई प्रथम दृष्टि (Prima Facie) मा नै यी विपक्षीले अवहेलनाजन्य कार्य गरेको भन्ने नदेखिएको अवस्थामा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: दण्डपाणि लामिछाने

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल असोज ३ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०१९६, उत्प्रेषण, *रामप्रसाद अधिकारी वि. जिल्ला सरकारी वकिल कार्यालय, भरतपुर चितवनसमेत*

कुनै पनि व्यक्तिले सर्वप्रथम अदालतको आदेशको सम्मान गरी आफ्ना जिकिरहरू म्याद जारी गर्ने अदालतसमक्ष नै राख्नुपर्छ । सो केही नगरी निवेदक एकै पटक यस अदालतसमक्ष रिटको माध्यमबाट प्रवेश गरेको कुरा न्यायिक अनुशासन र मर्यादाविपरीत हुने ।

हाजिर जमानीमा छाडेको व्यक्तिलाई अनुसन्धानबाट देखिएको तथ्यको आधारमा अभियोगपत्र दायर हुनसक्ने नसक्ने कुरा दूरगामी महत्त्वको गम्भीर कुरा भएकोले यस्तो प्रश्नको निरूपण सोझै रिटबाट गर्दा विचाराधीन मुद्दामा हस्तक्षेप हुनजाने देखिन्छ । रिट अधिकारक्षेत्रले तल्लो निकाय वा अदालतको अधिकारक्षेत्र आफैंले ग्रहण गरी निर्णय गर्ने होइन कि निजहरूबाट भएको निर्णयको त्रुटिसम्म सच्याउने काम गर्ने हुँदा उक्त विषयमा रिटबाट बोल्दा यी प्रतिवादीको हकमा सुरू अदालतबाट हुने काम कारवाही प्रभावित हुन पुग्ने ।

हाजिरी जमानी भन्ने शब्दको अर्थ भनेकै आवश्यकता परेका बखत निवेदक आफैं उपस्थित भै वा निवेदकलाई उपस्थित गराई कानूनबमोजिमको काम कारवाही गर्न सकिने भन्ने हुन्छ । निवेदकलाई  सधैका लागि छोड्ने

भए हाजिर जमानीको कागज गराउनुपर्ने आवश्यकता हुँदैनथ्यो । निवेदकहरूलाई सोझै छोड्ने काम हुनुपर्थ्यो । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५ बमोजिम २५ दिनभित्र अभियोगपत्र दायर गर्नुपर्ने म्याद भनेको थुनामा रहेका अभियुक्त प्रतिवादी भएको मुद्दाको हकमा मात्र हो । तर थुनामा नरहेका अभियुक्तको हकमा सम्बन्धित ऐन अर्थात् प्रस्तुत मुद्दामा ज्यानसम्बन्धीको महलको २० नं. को हदम्यादभित्र उजुर वा अभियोगपत्र दायर गर्न सकिनै नै देखिन्छ । सो बाहेक न्यायको रोहमा मुलुकी ऐन, अ.बं. ८८ नं. बमोजिम थप अभियोगपत्र पनि दाखिल गर्न सकिने नै देखिने ।

प्रस्तुत मुद्दामा चितवन जिल्ला अदालतबाट निवेदकका नाममा वारेन्ट म्याद पुर्जी जारी गर्ने भन्ने व्यहोराको आदेश प्रथम दृष्टिमा त्रुटिपूर्ण नदेखिएको र प्रस्तुत विषयमा निवेदकले चितवन जिल्ला अदालतको अधिरकाक्षेत्रलाई सम्मान गरी त्यहाँबाट उपचारको लागि प्रयास गर्नुपर्नेमा सो नगरी सोझै रिट निवेदन लिएर आएको कानून र न्यायसम्मत् नरहेकोले विपक्षीहरूसँग लिखित जवाफ माग गर्नुपरेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल असोज २३ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०२०८, उत्प्रेषण, *रविन्द्र अवाले वि. गृह मन्त्रालयसमेत*

साधारण अधिकारक्षेत्रअन्तर्गत सुरू अदालतमा विचाराधीन रहेको मुद्दामा रिटबाट हस्तक्षेप हुँदा अधिकारक्षेत्रसम्बन्धी कानूनी तथा नापीको संरचनामा पनि खलल पुग्न जाने । निवेदकले सुरू अदालतबाट सक्षम, प्रभावकारी कम खर्चिलो सुविधाजनक र अधिरकारक्षेत्रको हिसाबले समेत कानून र न्यायसम्मत उपचार पाउने अवस्था रहँदारहँदै रिटमा आउनु सर्वथा अनुचित हुन्छ । यस सम्बन्धमा प्रतिपादित असङ्ख्य नजिरहरू कानूनकै रूपमा स्थापित रहेको कुराको निवेदकलगायत सबैले न्यायिक जानकारी लिनैपर्ने ।

विवादित जग्गा निवेदकको अंशहक लाग्ने जग्गा हो होइन भन्ने कुराको निरूपण नगरी यस अदालतले निवेदकलाई उपचार दिनसक्ने अवस्था हुँदैन । यस कुराको निरूपणका लागि सबुद प्रमाण बुझ्नुपर्ने र मूल्याङ्कन गर्नुपर्ने अवस्था रहन्छ जुन कुरा रिटक्षेत्रबाट गर्न सकिँदैन । निवेदकले दायर गरेको अंश, जालसाजी, धितो बदर मुद्दाबाट निवेदकको हक स्थापित हुन र दावी पुग्न बाँकी नै रहेको अवस्थामा विवादित जग्गामा निवेदकको हकलाई निर्विवाद सम्झी निवेदकलाई रिटक्षेत्रबाट संरक्षण दिनु मनासिब नहुने ।

निवेदकलाई मुलुकी ऐन, अ.बं. १७१क नं. बमोजिम वैकल्पिक उपचार रहेको तथा विवादको विषयवस्तुमा निवेदकको हक स्थापित हुन पनि बाँकी नै रहेको अवस्थामा एउटै विषयमा निवेदकले विभिन्न अधिकारक्षेत्र गुहार्नु सर्वथा अनुचित हुँदा प्रस्तुत विषयमा निवेदकले रिट उपचार पाउनसक्ने देखिएन । यसर्थ विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामप्रसाद भट्टराई

इति संवत् २०७१ साल असोज २३ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०२१५, उत्प्रेषण, *राजु महर्जन वि. नानीमयजु महर्जनसमेत*

अंशियारले कानूनबमोजिमको लिखतबाट आफ्नो स्वामित्व हकभोग हस्तान्तरण गर्न पाउने कुरा निजको सम्पत्ति र स्वतन्त्रतासम्बन्धी मौलिक हकभित्र पर्ने देखिन्छ। यी हकमा कानूनबमोजिम बाहेक अरू किसिमले बन्देज लगाउन नमिल्ने।

आफू जीवित छँदै दाताले कानूनी वैध लिखतको माध्यमबाट आफ्नो हकका सम्बन्धमा गरेको व्यवस्थाले मान्यता पाउने प्रस्तुत विषयवस्तु र अंशियार मरी वा जन्मिई थपथाप भएको भनी भन्ने विषयवस्तु नितान्त बेग्लै विषयवस्तु भएकाले यिनमा सादृश्यता खोज्नु वा यिनका बीचमा तुलना गर्नु उचित हुँदैन। शेषपछिको बकसपत्र नै भैसकेको कार्यलाई अंशियार मरी वा जन्मिई थपघट भएको भन्न मिल्ने देखिँदैन। त्यसमा पनि प्रस्तुत विषयमा निवेदिकाले सुरू अदालतमा निवेदन दिई सुरू अदालतले निरूपण गरेको र सुरू अदालतको आदेशलाई पुनरावेदन अदालतले परीक्षण गरेको कुरामा यस अदालतले सूक्ष्मभेदी तवरबाट साधारण मुद्दाजस्तो गरी केलाइकेलाई हेरी रिट क्षेत्रबाट हस्तक्षेप गर्नु अधिकारक्षेत्रको सिद्धान्तअनुरूप नहुने र निवेदिकासमेतले निजहरूको पति पिता मचाकाजी महर्जनका अंशभागबाट मात्र अंश पाउने अवस्था रहेकोमा मचाकाजी महर्जन आफैंले पनि अंशियार नानीमयजुबाट छुट्टै जग्गाहरू शेषपछिको बकसपत्र गरी लिएको देखिएको तथा निजले रिट निवेदन दावीको शेषपछिको बकसपत्रका सम्बन्धमा चित्त बुझाई बसेकोसमेत हुँदा विपक्षीहरूबाट लिखित जवाफ माग्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल असोज २३ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७१-WO-०२५०, उत्प्रेषण, *मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका, वडा नं. १६ स्थित हंशराज हुलासचन्द एन्ड कम्पनी प्रा. लि.को हकमा लोकमान गोल्छा वि. राजकुमार अग्रवालसमेत*

जिल्ला अदालतले गरेको सुरू फैसलालाई पुनरावेदन अदालतले सदर हुने ठहर्‍याएको फैसलाउपर पुनरावेदन लाग्ने व्यवस्था कानूनले गरेको छैन। यी रिट निवेदक र प्रत्यर्थीबीच पर्खाल भत्काई खिचोला मेटाई चलन चलाई पाउँ भन्ने मुद्दा अन्तिम भैरहेको अवस्थामा कानूनमा निहित व्यवस्थाबमोजिम भएको फैसला कार्यान्वयन गर्ने कार्य मुद्दा दोहोर्‍याई पाउँ भनी सर्वोच्च अदालतमा निवेदन दिएकै आधारमा त्यसलाई पुनरावेदनसरह मानी फैसला कार्यान्वयन रोक्न मिल्ने अवस्था नदेखिने।

मुद्दा दोहोर्‍याई पाउँ भन्ने विषय पक्षको अधिकारको कुरा नभै सुविधासम्मको कुरा भएकोले उक्त मुद्दामा भएको फैसला कार्यान्वयन गर्ने कार्यबाट यी निवेदकको कुनै हक कुण्ठित हुने नदेखिएको र मुद्दा दोहोर्‍याइ पाउँ भन्ने निवेदन यस अदालतमा दिई विचाराधीन रहेको आधारमा त्यसलाई पुनरावेदनसरह मानी कानूनबमोजिमको फैसला कार्यान्वयनको कार्य रोक्न नमिल्ने हुँदा निवेदन माग दावी

प्रारम्भिकरूपमा नै उचित र कानूनसङ्गत् नदेखिएकोले प्रस्तुत रिट निवेदनमा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु पर्ने अवस्था देखिएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: मनोज श्रेष्ठ

इति संवत् २०७१ साल असोज २८ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०१३८, उत्प्रेषण/परमादेश, *जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका, वडा नं. ३२ स्थित महादेव खिम्ती निर्माण सेवा प्रा.लि. का अ.प्रा. रवि सिंह वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमेत*

विपक्षी निर्देशनालयले करार सम्झौताअनुसारको काम गर्न नसकेको आधारमा करार भङ्ग गरी करार नै भङ्ग भैसकेकोले एडजुडिकेटर नियुक्तिको स्वीकृति दिन नसकिने भनी निवेदकलाई जानकारी दिएको अवस्थामा करारको ऐनमा उल्लिखित कानूनी व्यवस्थाहरूको आधारमा करारको यथावत परिपालना हुने हो वा निवेदकले क्षतिपूर्तिमा दावी गर्नुपर्ने हो जस्ता कुराको निचोडमा नपुगी निवेदकको मागबमोजिमको आदेश गर्न मिल्ने देखिँदैन । ती कुराहरू सबुद प्रमाण र करार लिखतको व्याख्यामा भर पर्ने कुरा भएको जसको निरूपणका लागि कानूनले प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था गरेको अवस्थामा रिटको माध्यमबाट प्रवेश गरी सुनुवाइ गर्नु न्यायिक अनुशासनविपरीत हुने ।

प्रस्तुत विवादित विषयको सन्दर्भमा उपचारको लागि वैकल्पिक कानूनी बाटोको उपाय रहेको अवस्थामा अन्याय पर्ने पक्षले सोही बाटो अवलम्बन गर्नुपर्ने हुन्छ । रिटले अरू अधिकारी र निकायको कानूनप्रदत्त क्षेत्राधिकारलाई प्रभावित तथा प्रतिस्थापन गर्दैन र यो न्यायिक मान्यतालाई कार्यान्वयन गराउनेतर्फ सबैले दायित्व बोध गर्नुपर्ने ।

करारमा उल्लिखित शर्त तथा दायित्व पूरा गर्नुपर्ने पक्षले पूरा नगरी विवाद उत्पन्न भएमा सो विवादको समाधान विद्यमान कानून अर्थात् करार ऐन, २०५६ अन्तर्गत नै गर्नुपर्ने हुँदा करार भङ्ग गर्नुपरेको र निर्णयकर्ता नियुक्ति गर्न नसकिने आधार उल्लेख गरी क्षति पुगेको रकमसमेत दाखिल गर्नु भनी विपक्षी निर्देशनालयले निवेदकलाई लेखेको पत्रबाट निवेदकले भनेबमोजिमको मौलिक हकको हनन् भएको तथा उपचारको वैकल्पिक बाटो बन्द हुने गरी करारीय वा अन्य कानूनी हकको हनन् भएको अवस्था नदेखिने ।

निवेदकको हकको हनन् भएको कुरा प्रथम दृष्टिमा सिद्ध हुन नसकेको तथा करार भङ्गको विरूद्धमा मध्यस्थता ऐन, २०५५ तथा करार ऐन, २०५६ बमोजिम निवेदकले सुरू तथा पुनरावेदन अदालतको साधारण अधिकारक्षेत्रको माध्यमबाट प्रभावकारी उपचार पाउने अवस्था विद्यमान रहेकै देखिएकोले निवेदकको रिट निवेदन ग्रहणयोग्य देखिएन । विपक्षीहरूबाट कारण देखाउ आदेश मागिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल असोज २७ गते रोज २ शुभम् ।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-RE-००६६, VOIP कल बाइपास, *विष्णुबहादुर खड्का वि. नेपाल सरकार*

यसमा अभियोग पत्रसाथ पेस भएका प्रमाणपहरूसमेतका आधारमा मकवानपुर जिल्ला अदालतबाट मिति २०७०।१२।२० मा भएको आदेशलाई सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।२।२९ को आदेशलाई अन्यथा भनिरहनुपर्ने अवस्था नहुँदा त्यसमा कुनै परिवर्तन गरिहनु नपर्ने ।

इति संवत् २०७१ साल मङ्सिर ९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RE-००६८, मानाचामल, *गौतम मानन्धर वि. मन्दिरा मानन्धर*

काठमाडौं जिल्ला अदालतबाट वादी मन्दिरा मानन्धरले मासिक रू. ८०००।– मानाचामल खर्च भराइ पाउने भनी मिति २०६८।८।१५ मा भएको फैसला केही उल्टी गरी मासिक रू. २०००।– मानाचामल भराई पाउने भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।८।२८ मा फैसला भएको देखियो । पुनरावेदन अदालतको उपर्युक्त फैसलालाई दोहोर्‍याई पाउने निस्सा प्रदान गर्ने गरी यस अदालतबाट मिति २०७१।६।३१ मा आदेश भै विचाराधीन रहे पनि जिल्ला अदालतको फैसला केही उल्टी भै पुनरावेदन अदालतबाट भएको फैसलाबमोजिम मानाचामल खर्चबापत मासिक रू. २०००।– सम्म रकम रोक्का राखिदिने भनी लेखी पठाउन पर्नेमा रू. ८०००।– मानाचामल खर्चवापत रोक्का राखिदिने गरी भएको रजिस्टारको मिति २०७१।२।२८ को आदेश मिलेको नदेखिँदा सो हदसम्म बदर हुने ।

इति संवत् २०७१ साल मङ्सिर १९ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-AP-०१०७, जग्गा खिचोला चलन, *जनक अधिकारी वि. बच्चुकृष्ण थापा*

प्रमाणमा रहेको विपक्षी बच्चुकृष्ण थापाले यसै विषयमा दिएको निषेधाज्ञा मुद्दामा पुनरावेदन अदालत, पाटनबाट निषेधाज्ञा जारी नहुने ठहरी मिति २०६८।८।२१ गतेमा भएको फैसलाउपर निजको पुनरावेदन परेको नदेखिएको साथै यसै मुद्दाको सुरू मिसिल संलग्न नक्सा कुण्डली हेर्दा कि.नं. १३४१ को जग्गामा बाटो निर्माणसमेत भैसकेको देखिएको छ । वादीको कि.नं. १३४१ को जग्गामा प्रतिवादीहरूले बाटो खनी खिचोला गरेको ठहर्‍याई सुरू जिल्ला अदालतबाट मिति २०६७।६।१२ मा फैसला भएको देखिन्छ । जग्गा मिच्नेको १ र १४ नं. अनुसार वादी दावीको जग्गामा प्रतिवादीरूले खिचोला गरेको देखिन नआएको भनी पुनरावेदन अदालत, पाटनबाट सुरूको फैसला उल्टी हुने गरी मिति २०६८।८।२१ गते फैसला भएको र सो फैसलाउपर यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भएको भए पनि उक्त मुद्दामा फैसला हुँदा ठहरेबमोजिम हुने नै

हुँदा विवादित कित्ता नं. १३४१ को जग्गामा बाटो निर्माण भैसकेको अवस्थामा उक्त जग्गामा बाटो बनाउने कार्य नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनी यस अदालतका रजिस्टारबाट मिति २०७१।५।३१ मा गरेको आदेश मिलेको नदेखिँदा बदर हुने ।

इति संवत् २०७१ साल मङ्सिर १९ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७१-AP-०१५६, कर्तव्य ज्यान, *रत्न थापामगर वि. नेपाल सरकार*

निवेदक प्रतिवादी रत्नबहादुर थापामगरको मौकामा साबिती बयान र उक्त बयानलाई मिलान हुने गरी कसुरमा आफू साबित भई यी निवेदकलाई समेत पोल गरी मौकामा प्रतिवादी बुद्धिमान दाहालसमेतका अन्य प्रतिवादीहरूले गरेको बयान तथा वारदातको प्रत्यक्षदर्शी पीडित रमेश थापाको मौकाको कागजसमेतको आधारमा निजलाई मुद्दामा पुर्पक्षका लागि अ.बं. ११८ को देहाय २ बमोजिम थुनामा राख्ने गरी उदयपुर जिल्ला अदालतबाट मिति २०७१।५।१० मा भएको आदेशलाई समर्थन गर्ने गरी भएको पुनरावेदन अदालत, राजविराजको मिति २०७१।७।१३ को आदेश मिलेकै देखिँदा परिवर्तन गरिरहन नपर्ने हुँदा कैफियत प्रतिवेदन माग गर्नु नपर्ने ।

इति संवत् २०७१ साल मङ्सिर १८ गते रोज ५ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति